मलाई अझ परिश्रम गर्ने ऊर्जा प्राप्त भएको छ : मोदी | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक ८ • २०८० साल जेठ १४ गते आइतबार (28 May, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सरकारको नीति तथा कार्यक्रम २१ गते आउने

## मधेशको सबै जिल्लामा पूर्वाधार र यातायात कार्यालय रहने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आठवटै जिल्लामा यातायात र पूर्वाधार कार्यालय स्थापना गर्ने तयारी गरेको छ । आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम बनाउन लागेको सरकारले सबै जिल्लामा पूर्वाधार यातायात कार्यालय खोल्ने भएको छ।

हाल ६ वटा जिल्लामा यातायात कार्यालय स्थापना भइसकेको छ ।४ वटा जिल्लामा पूर्वाधारको डिभिजन कार्यालय रहेको छ । सरकारले त्यसलाई आठवटै जिल्लामा राख्ने भएको छ।

सवारी अनुमतिपत्र, सवारी दर्ता, नामसारी, राजस्व तिर्न सर्वसाधारणलाई सहजताका लागि सबै जिल्लामा यातायात कार्यालय स्थापना गर्न लागिएको नीति तथा कार्यक्रम निर्माणमा जुटेका एकजना सचिवले बताए।

'प्रदेशको कुनै जिल्लामा दर्ता रहेको सवारीको कर लगायतका काम अर्को जिल्लाबाट गर्न सकिन्छ 'उनले भने, यातायातको सबै जानकारी आधुनिक प्रविधिमार्फत एकीकृत रुपमा उपलब्ध हुनेछ।

हाल सप्तरी,सिरहा, धनुषा, महोत्तरी, रौतहट र पर्सा जिल्लामा यातायात कार्यालय सञ्चालनमा आइसकेको छ । सर्लाही र बारा जिल्लामा पनि चाँडै कार्यालय स्थापना हुने बताइएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको पूर्वाधार कार्यालयहरुलाईसमेत सबै जिल्लामा स्थापना गरिनेछ। हाल पर्सा, रौतहट, धनुषा र सिरहामा पूर्वाधार कार्यालय रहेका छन् । पर्साले बारा, रौतहटले सर्लाही, धनुषाले महोत्तरी र सिरहाले सप्तरी जिल्लालाई हेर्ने गरेकोछ। तर अब सबै जिल्लामा पूर्वाधार कार्यालय स्थापना गरिनेछ।

> नीति तथा कार्यक्रममा सरकारले शिक्षा, कृषि , स्वास्थ्य, पूर्वाधारमा बढी जोड दिने भएको छ । सरकारले शिक्षा क्षेत्रमा निर्माण गारिने भवन, विद्यालय भवनहरुका लागि प्रदेश भरिकै लागि एउटै मापदण्ड निर्धारण गर्ने भएको छ । सरकारले प्रदेश स्तरीय अंग्रेजी माध्यमको विद्यालय स्थापनालाई नीति तथा कार्यक्रममा समावेश गर्ने बताइएको छ ।

कार्यालयहरु टुक्र्याएर जिल्लामा स्थापना भएपछि समयमै विकास निर्माणको कार्यलाई अनुगमन, मूल्यांकन गर्न सहज हुने बताइएको छ।

सरकारले हालै मन्त्रालयहरुको समायोजन गरेको छ । संघीय सरकारको मन्त्रालयहरुसित मिल्दोजुल्दो नाम र कार्य प्रदेशको मन्त्रालयमा मिलाइएको छ।

कर्मचारीको चरम अभाव रहेको मधेश प्रदेशमा जिल्लागत रुपमा कार्यालयहरु स्थापना भएपछि कर्मचारीको अभाव अझ बढनेछ। मधेश प्रदेश लोकसेवा आयोगले आवश्यक संख्यामा कर्मचारी भर्ना गर्न सकिरहेको छैन् ।

नीति तथा कार्यक्रममा सरकारले शिक्षा, कृषि , स्वास्थ्य, पूर्वाधारमा बढी जोड दिने भएको छ। सरकारले शिक्षा क्षेत्रमा निर्माण गरिने भवन, विद्यालय भवनहरुका लागि प्रदेश भरिकै लागि एउटै मापदण्ड निर्धारण गर्ने भएको छ। सरकारले प्रदेश स्तरीय अंग्रेजी माध्यमको विद्यालय स्थापनालाई नीति तथा कार्यक्रममा समावेश गर्ने बताइएको छ।

प्रदेश सरकारले नीति तथा कार्यक्रममा किसानका लागि विशेष राहत प्याकेज ल्याउने प्रतिबद्धता जनाउने र सिँचाई, मल, बीउको सहजताका लागि कार्यहरु गरिने जनाइएको छ।

सरकारको नीति तथा कार्यक्रम २१ गते प्रदेश सभामा सार्वजनिक हुने सम्भावना छ । १६ गते प्रदेश सभाको बैठक बोलाइएको छ ।त्यसपछि प्रि बजेटको छलफल हुनेछ । प्रि बजेटमा छलफलपछि सरकारको नीति तथा कार्यक्रम प्रदेश सभामा सार्वजनिक हुनेछ।

सरकार सम्बद्ध स्रोतका अनुसार नीति तथा कार्यक्रम २१ गते नै आउने छ । नीति तथा कार्यक्रम बिगतको भन्दा फरक र बजेट सुनिश्चित भएको हुनेछ । बजेट वितरणमुखी नभै यथार्थपरक हुने सरकारको दाबी छ।

## जसपा अध्यक्ष यादवलाई धनुषामा गिरोहको चुनौती

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी( जसपा) धनुषाको विवाद चुलिएको छ । राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको उपस्थिति र सहमतिमा घोषणा गरिएको धनुषा जिल्ला कमिटी विभाजित भएको छ।

जिल्ला अध्यक्ष बनाइएका पशुपति यादवको नेतृत्वमा शुक्रबार पदाधिकारीहरुले पद तथा गोपनीयताको शपथग्रहण गरे । ५१ सदस्यीय जिल्ला कमिटीको २७ जनाले शपथ लिएका थिए । त्यसको २४ घण्टा नवित्दै केन्द्रीय सदस्य उर्मिला साहले शनिबार शत्रुधन यादवलाई अध्यक्ष घोषणा गर्दै बहुमत सदस्यले शपथ लिएको बताइएकी छन् ।

धनुषामा अब जसपाका २ जना अध्यक्ष भएका छन् । राष्ट्रिय अध्यक्ष यादवले बनाएका कार्यदलका संयोजक सांसद दीपक कार्कीले पशुपति यादव अध्यक्ष रहेको ५१ सदस्यीय जिल्ला समन्वय समिति घोषणा गरेका थिए । सो घोषणा कार्यक्रममा राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको उपस्थिति रहेको थियो।

जिल्ला अध्यक्ष पशुपति यादवले आफूसँगै २७ जनाले शपथग्रहण गरेको बताउँदै थप ७ जनाले पारिवारिक कामको कारण आउन नसकेको जानकारी गराएको बताए । उनीहरुलाई प्रदेश अध्यक्ष रामबाबु यादवको निर्देशन अनुसार रामसेवक यादवले शपथ गराएका थिए।

धनुषामा समानान्तर कमिटी गठन गरी केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई सोझै चुनौती दिएको जिल्लाका नेताहरुको कथन छ ।

मधेश प्रदेशका अध्यक्षसमेत रहेका कार्यकारिणी समितिका सदस्य रामबाबु यादवले केन्द्रीय निर्देशन अनुसार बनेको कमिटीलाई प्रदेशले शपथग्रहण गराइ मान्यता दिइसकेको बताएका छन्।

> 'पार्टी विधान विपरीत कार्यगर्नेहरुलाई कारबाही गारिनेछ ' उनले भने, जिल्ला कमिटीको विरोधमा अर्को भेलागर्नेहरु मध्ये प्रदेशका सचिव जितेन्द्र यादवसहित सदस्यहरुलाई स्पष्टीकरण सोधिनेछ ।

'पार्टी विधान विपरीत कार्यगर्नेहरुलाई कारबाही गरिनेछ ' उनले भने, जिल्ला कमिटीको विरोधमा अर्को भेलागर्नेहरु मध्ये प्रदेशका सचिव जितेन्द्र यादवसहित सदस्यहरुलाई स्पष्टीकरण सोधिनेछ ।जसपा जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष पशुपति यादव रहेको उल्लेख गर्दै उनले भने, पार्टीमा गुटबन्दी गर्नेहरुलाई सोझै कारबाही हुनेछ।

प्रदेश सचिव यादव, प्रदेश सदस्य ज्ञानेन्द्र यादव, केन्द्रीय सदस्य चमेली दास, शैलेन्द्र यादवलगायतले धनुषामा पार्टी भित्र गिरोह खडा गर्न चाहेको आरोप लगाइएको छ।

जिल्लामा समानान्तर कमिटी गठन हुनु पार्टीको हित विपरीत रहेको केन्द्रीय सदस्य महाजन यादवले जनाएका छन् ।

'कार्यदलले घोषणा गरेको कमिटीप्रति सबैले विश्वास गर्नुपर्ने थियो' उनले भने, निकट भविष्यमै हुने महाधिवेशनको क्रममा नेतृत्वको विषयमा नयाँ ढंगले छलफल गर्न सकिन्छ।

केन्द्रीय नेतृत्वको विरोधमा जिल्लामा समानान्तर समितिको घोषणा पहिलो पटक भएको र यसले नकारात्मक असर पार्ने केन्द्रीय सदस्य रामगोविन्द यादवले बताए।

'गत आम निर्वाचनमा गुटबन्दीकै कारण पार्टीले नराम्ररी पराजय भोग्नु परेको हो' उनले भने, गुटबन्दी समाप्त गर्न केन्द्रले गरेको निर्णयलाईसमेत नमानेर समानान्तर कमिटीको घोषणा गर्नु संगठनको हित विपरीत हो।







# पहिचान नखुलेका बिरामीको सघन कक्षमा उपचार



**टुडे समाचारदाता**

बारा । प्रादेशिक अस्पताल कलैयामा एक जना पहिचान नखुलेका वेवारिसे व्यक्तिलाई सघन उपचार कक्षमा राखी उपचार भइरहेको अस्पतालले जनाएको छ । शुक्रबार बिहान करीब साढे ७ बजेको समयमा कलैया उपमहानगरपालिका -९ रामपुरबाट अचेत रुपमा वेवारिसे अवस्थामा फेला परेका ती व्यक्तिलाई प्रहरीले कलैया अस्पतालमा ल्याएर भर्ना गरेका डा.सरोज साहले जानकारी दिए ।

बिरामीको दाहिने हातमा मदनलाल चौ लेखेको भए पनि कहाँको को हुन भने कुरा खुली नसकेको बताउदै संञ्चारको माध्यमबाट बिरामीको पहिचानका लागि समाचार सम्प्रेशन गरिदिन आग्रह समेत गरे। बिरामीको शरीरिक अवस्था हेर्दा करीब ६५ वर्षको रहेको अनुमान अस्पतालको रहेको छ ।

# रास्पाको संगठन विस्तार




**बखतियार अलि**

मलंगवा । राष्ट्रिय स्वतन्त्र पार्टीको संगठन विस्तारमा आम जनताको आकर्षक बढ्दै गएको छ ।

मधेश प्रदेश सभापति ई.तपेशवर यादवले राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति चुनिएपछि मधेश प्रदेशमा संगठन नरहेको यश पार्टीको संगठन विस्तार धमाधम भइरहेको देखिएको छ ।

सर्लाहीको ईश्वरपुर नगरपालिका भेलामा प्रदेश सभापति ई.तपेशवर यादवले पार्टी प्रति आम जनताको आकर्षक बढ्दै गएकोले अब आउने दिनमा मधेश प्रदेशनै घण्टीमय हुने उनले बताए ।

कार्यक्रममा प्रदेश कोषाध्यक्ष चन्दन साह, प्रदेश सदस्यहरू क्रमश पंच बहादुर, रामदुलार महतो, डा.इन्द्रजित साह, संजिव यादव लगायतको सहभागिता रहेको थियो ।

# हावाहुरीबाट किसान निरास

**टुडे समाचारदाता**

जलेश्वर । लगातारको हावाहुरीले महोत्तरीका फलफूल र तरकारी किसान निरास भएका छन् ।

जेठ लागिकन प्रत्येक दुई/तीन दिनको फरकमा चलेको हावाहुरीले बग्रेल्ती आँपका दाना झार्नसँगै लहरे तरकारीका बेला (लहरा) हुत्याएर चुँडाएपछि उत्पादन हात नलाग्ने भएपछि किसान निरास भएका छन् । पछिल्लो पटक शुक्रबार गएरातिको हावाहुरीले बग्रेल्ती आँप झारेका छन् ।

त्यसैगरी,फर्सी, लौका, घिरौंला, झिगिँनी, काँक्रा र चिचिन्डासहितका तरकारी बालीका बेला (लहरा) हुत्याउँदै चुँडाएर नोक्सान गरेपछि किसानको पिरोलो बढेको छ ।

"हेर्नोस् न, जेठ लागिकन दिनहुँजसो हावाहुरीले झारेका आँप टिप्दै दिन जान्छ, मुखमै आएको बाली सखाप भएको छ", आज सखारै बग्रेल्ती झरेका आँप टिप्दै भङ्गाहा-४ रामनगरका ६० वर्षीय किसान शुभलाल ठाकुरले भने,"जेठ मध्यतिर यत्रो हाहाहुरी त्यति भोगिएको थिएन, खै के हुन लागेको हो !" अब १५/१६ दिन दुःख काट्दा एउटा बाली हात लाग्छ भन्ने आश पनि मरेको ठाकुरले बताए ।

तराईमा चाँडै पाक्ने जातको बम्बै आँप जेठ अन्तिममा तयार हुन्छ । तर दुई साताअघिको हावाहुरीले आँप झारेपछि दुःख लागेको ठाकुरको भनाइ छ ।

महोत्तरीमा जेठमा प्रत्येक दुई/तीन दिनमा हावाहुरी चल्दै आएको छ । बिहीबार साँझ र शुक्रबार रातिको हावाहुरीले झारेका आँप किसान कौडीका दाममा बेच्दैछन् । हुरीले झारेर फुटाएको आँप त मिल्काउनुबाहेक कुनै विकल्प नभएको ठाकुरकै छिमेकी किसान जब्बार शेषले बताए।

विगतमा चैत/वैशाख हावाहुरीको समय हुने र जेठ लागेपछि त्यति नलाग्ने भोग्दै आएका किसानलाई यसपाली जेठमा लगातार चलेको हावाहुरीले अत्याएको छ । "जेठको दुई साता नबित्दै पाँच/छ पटक हावाहुरीले हामीलाई चिल्लीबिल्ली बनाएको छ", बर्दिबास-९ पशुपतिनगर टोकीटोलका किसान रामचन्द्र थापामगर भन्छन, "आँप झरे, तरकारीका लहरा चुँडिएर लत्रिएका छन्, भर्खर घोगा लाग्दै गरेका मकैका बोट लडाएर सोतर बनाएको छ ।" प्रकृति अनुकूल नहुँदा विपदैविपद् खेप्नुपरेको थापाको भनाइ छ ।



हावाहुरीसँगै मेघगर्जन सुनिए पनि पानी भने त्यति नपरेको किसान बताउँछन् । "हावाहुरीपछि पानी त परेको छ, तर धानको ब्याड राख्नेगरी माटो गालेर परेको छैन", गौशाला-१० लक्ष्मीनियाँका किसान महेश्वर महतोले बताए ।

जिल्लाको उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका फलफूल र तरकारी उत्पादनका पकेटक्षेत्र मानिन्छन् । उत्तरीक्षेत्रका बर्दिबासका खयरमारा, टुटेश्वर, ढुङ्गे, चेरु, माइस्थान, सोनापेटी, भब्सी, पाटु, विजलपुरा र पशुपतिनगरसहितका वस्तीको त मुख्यबाली नै फलफूल (बगैंचा) खेती हो । बगैंचा खेतीमा पनि मुख्य आँप रहँदै आएको छ ।

जिल्लाका मध्य र दक्षिणवर्ती क्षेत्रका पिपरा, मटिहानी, जलेश्वर, रामगोपालपुर र मनराशिशवाको स्थानीय तहको बस्तीमा पनि बगैंचा खेती बाक्लै छ । जेठ अन्तिमदेखि लगालग एकपछि अर्को जातका आँप पाक्नेक्रम शुरु हुन्छ । यसरी मुखमै आएको बाली हावाहुरीले सखाप पारेपछि अब वर्षभरिको गुजारा केले चलाउने भन्दै किसान टोलाएका छन् ।

दुःखका बेला साथ पाइने आशले आफैंले चुनेका प्रतिनिधिले फर्केर नहेरेपछि चित्त कुड्याउँदै भङ्गाहा-४ का किसान चन्देश्वर राय दनुवार भन्छन, "सबै सुखका साथी रहेछन् ।" पुराना तरकारी उत्पादक किसान दनुवारले हावाहुरीले लहरे तरकारी नोक्सान पारेपछि अब के गर्ने भन्ने नै रनभुल्लमा परेको बताए ।

चैत/वैशाख हावाहुरीको समय भन्ने बुझ्दै आएका किसान जेठ लागेपछि फलफूल र तरकारी अब चैं हात लाग्ने विश्वासमा थिए । तर पुरानो ऋतु रीतिथिति फेरिएर जेठमा हावाहुरी चल्न थालेपछि किसानमा निरासा बढेको छ । यसपाली जेठ लागिकन सयौं बिघाको फलफूल र तरकारी बाली हावाहुरीले नोक्सान गरेको छ ।

अहिले जेठमा निरन्तर केही दिनको फरकमा चल्दै (बहदै) आएको हावाहुरी यहीं मात्र नभइ विश्वव्यापी जलवायु परिवर्तनको प्रभावले भएको विज्ञको मत छ । मानवको घच्चपच्चले प्रकृतिका पुराना रीति फेरिँदा कुसमयको हावाहुरी, बर्खा, गर्मी, शीतलहरजस्ता प्रकोप झेल्नुपरेको रुपान्तरण सामाजिक संस्थाका जलवायुविज्ञ विराट पन्तले बताए ।

"यो प्रभाव न्यूनीकरण गर्न प्राकृतिक स्वरुपको रक्षा र प्रभाव अनुकूल आनीबानी र खेतीपाती गरिन पर्छ",पन्त भन्छन । राज्यका सबै अङ्गले यो अनुकूलन विधि अंगाल्न आमजनतालाई अभिप्रेरित गर्नुपर्ने पन्तको सुझाव छ ।

# नीति कार्यक्रमको स्वीकार र समर्थन गर्छौं : प्रमुख सचेतक लेखक

काठमाण्डु । नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सरकारले सदनमा पेस गरेको नीति तथा कार्यक्रमले देशको आर्थिक, शासकीय र संवैधानिक अवस्था तथा परिवेशलाई विश्लेषण गरेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको शनिवारको बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै उहाँले कार्यक्रमले राष्ट्र र राष्ट्रिय हितको संरक्षण गर्दै समृद्ध, सबल र न्यायपूर्ण नेपाल निर्माण गर्ने लक्ष्य लिएको बताउनुभयो ।

"यसले अहिलेको संवैधानिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था र परिवेशलाई मूल्याङ्कन गरेको छ । हामीले राष्ट्रिय हितको जगेर्ना गर्दै समृद्ध र न्यायपूर्ण नेपाल बनाउँछौं भन्ने गन्तव्य नीति कार्यक्रमले देखाएको छ", उहाँले भन्नुभयो ।

नीति कार्यक्रमले संविधानको कार्यान्वयन, अर्थतन्त्रमा सुधार गर्ने, सुशासनको प्रत्याभूति दिलाउने, शासकीय सेवा प्रवाहमा सुधार गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, रोजगारीमा वृद्धि गर्ने, पर्यावरणीय सन्तुलन गर्ने विषयलाई प्राथमिकता दिएको बताउनुभयो ।

"सबै प्रकारका विभेदको अन्त्य गर्ने, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्याउने, दिगो एवं भरपर्दो पूर्वाधार विकास गर्ने, शिक्षा, स्वास्थ्यजस्ता अधारभूत विषयमा सरल र सहजरूपमा नागरिकको पहुँच स्थापित गर्ने र आत्मनिर्भर हुँदै निर्यातमुखी उत्पादन व्यवस्था अगाडि बढाउने विषय यसले समावेश गरेको छ", प्रमुख सचेतक लेखकले भन्नुभयो ।

नीति कार्यक्रमले शनिवारको स्थितिलाई विश्लेषण तथा जानुपर्ने गन्तव्यलाई निर्धारण गर्नुका साथै त्यहाँसम्म पुग्ने साधनको उचित व्यवस्था गरेकाले आफ्नो पार्टीले नीति तथा कार्यक्रमलाई स्वीकार र समर्थन गरेको उहाँले बताउनुभयो ।

"नीति कार्यक्रम सरकारको अर्थ राजनीतिक घोषणापत्र हो । मूलतः यो घोषणापत्रले तीनवटा कुरा बोकेको छ । तत्कालीन आर्थिक, संवैधानिक र शासकीय अवस्थाका बारेमा सूक्ष्म अध्ययन गरेर विश्लेषण गरेको छ", उहाँले भन्नुभयो । रासस

# डेङ्गुबाट बच्न मन्त्रालयको आग्रह

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्मीयामसँगै पानी पर्न थालेकाले डेङ्गुको सङ्क्रमणबाट जोगिन आग्रह गरेको छ । पानी परेसँगै लामखुट्टेका लार्भाको सङ्ख्या बढ्ने भएकाले मन्त्रालयले डेङ्गु सङ्क्रमणबाट जोगिन आग्रह गरेको हो ।

मन्त्रालयले एक सूचना जारी गर्दै डेङ्गुको सङ्क्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै सधैं झूल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ ।

यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिनसमेत आग्रह गरेको छ । "पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फुल लार्भा भएर निस्कन्छ र वयस्क लार्भा लामखुट्टे बन्छ", इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले भन्नुभयो ।

उहाँले अहिले पानी परिरहेकाले सचेत रहन सबैलाई आग्रह गर्नुभयो । "दैनिक पानी परिरहेको छ । पानी जम्मा भई



लामखुट्टेले फुल पार्दछ", उहाँले भन्नुभयो, "अनि सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ । त्यसैले सरसफाइ गर्न आवश्यक छ ।"

रोग नियन्त्रण शाखाका प्रमुख डा दाहालका अनुसार सन् २०२२ सम्ममा ५४ हजार छ सय ३० जनामा डेङ्गु देखिएकामा ८८ जनाको मृत्यु भएको थियो । गत पुस १५ देखि हालसम्म सात सय एक जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

मन्त्रालयले हरेक शुक्रबार डेङ्गी विरुद्धका अभियान सञ्चालन गर्न पनि आग्रह गरेको छ । मन्त्रालयले हरेक शुक्रबार बिहान साढे १० बजे सबै कर्मचारी सहभागी भई सरकारी तथा सार्वजनिक कार्यालय हाताभित्र र वरिपरि सरसफाइ अभियान सञ्चालन गर्न आग्रह गरेको हो ।

सामान्य प्रकारको डेङ्गुमा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि जस्ता लक्षण देखा पर्दछन् । नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ ।

मन्त्रालयका अनुसार सन् २००६ मा ३२, २०१० मा नौ सय १७, २०१३ मा छ सय ८६, २०१६ मा एक हजार पाँच सय २७, २०१७ मा दुई हजार एक सय ११, २०१८ मा आठ सय ११ र २०१९ मा १७ हजार नौ सय ९२ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । सन् २०२० मा पाँच सय ३० र सन् २०२१ मा पाँच सय ४० जना डेङ्गुका बिरामी देखिएका थिए । रासस

# झापामा आफन्तबाटै अधिकांशको हत्या

झापा । यहाँ घरेलु हतियारको प्रयोग गरी विगत १० महिनामा १२ जनाको हत्या भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ ।

आर्थिक वर्ष २०७९ साउनदेखि २०८० वैशाखसम्ममा अधिकांशको आफन्तबाट हत्या भएको सो तथ्याङ्कले देखाएको हो । हत्या गरिएका १२ मध्ये सबैभन्दा बढी अर्थात् पाँचजना आफ्नै श्रीमानबाट मारिएका छन् । सामान्य घरायसी विवादमा श्रीमान्ले श्रीमतीको हत्या गरेको अनुसन्धानका क्रममा देखिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रप्रसाद रिजालले बताउनुभयो ।

उहाँले हत्याका क्रममा अभियुक्तले चिर्पट, खुकुरी, हसिया, बामफोक लगायतका घरेलु हतियार प्रयोग गरेको पाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "आफ्नैबाट बढीको हत्या भएको देखिन्छ, हत्यामा संलग्न सबैलाई तत्काल पक्राउ गरिएको छ, उनीहरू कानुन अनुसारको सजाय भोगिरहेका छन् ।"

उहाँले जिल्लाका विभिन्न पालिकामा शिशुदेखि वृद्धवृद्धासम्मको हत्या, श्रीमान्, छोरा, आफन्त, छिमेकी र बुहारी लगायतबाट भएको बताउनुभयो । उहाँले घरेलु हिंसा, आर्थिक समस्या, मानसिक समस्या, शङ्का, विवाहोत्तर सम्बन्ध, वैदेशिक रोजगारी, जाँड/रक्सी र लागुऔषधका कारण हत्याका घटना परिवारमा धेरै हुने गरेको अनुसन्धानका क्रममा देखिएको बताउनुभयो । रासस

## जग्गा बिक्रीमा

ढल्केवर-जनकपुरधाम राजमार्गको रमदैया चोकमा अवस्थित राजदेवी मन्दिर भन्दा करिब ५ सय मिटर उत्तर राजमार्गको पश्चिम तर्फ १० फिट चौडाई र ४५ फिट लम्बाई रहेको पूर्व मोहडाको २ धुर ८ कन्मा जग्गा तु.बिक्रीमा ।इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नु होला ।

**सम्पर्क नं.**
९८१७६७३७३९

## घर भाडामा

**जनकपुरधामको मुख्य बजार जनक चोकमा रहेको राजमहल लज भएको भवनमा पहिलो तल्ला डिपार्टमेन्ट स्टोर, अफिस, बैंक, वित्तिय संस्था लगायत प्रयोजनका लागि अत्यन्त आकर्षक भवन (साढे ११ सय स्क्वायरफिट) भाडाका लागि खाली रहेको छ ।इच्छुक व्यक्ति, संघसंस्थाहरुले तुरुन्त सम्पर्क गर्नु होला ।**

रामकिशोर साह
सम्पर्क नं. ९८५४०२६६२३

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : धन बृद्धि सञ्चय । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# निधि कपको तयारी पूरा




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा हुन लागेको महेन्द्र नारायण निधि टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको छ ।

आगामी सोमबारदेखि जनकपुरधाम उपमहानगरपालिका १४ रजौलस्थित निर्माणाधीन रामजानकी बहुउद्देश्य रंगशालामा सो प्रतियोगिता हुने छन् ।

मधेश प्रदेश क्रिकेट संघको आयोजनामा हुन लागेको यस प्रतियोगितामा मधेश प्रदेश सरकारसहितको लगानी छ । कुल लागत ७० लाख लाग्ने संघका अध्यक्ष हिरा भगतले जानकारी दिए । उनका अनुसार कुल लागत मध्ये ४० लाख प्रदेश सरकार र पाँच लाख नेपाल क्रिकेट संघ क्यानले सहयोग गरेका छन् । बाँकी रकम अन्य निकायलाई सहयोग गर्दिन आयोजकले अनुरोध गरेको छ ।

पहिलो खेल मधेश प्रदेश र कोशी प्रदेशबीच हुने खेल तालिका छ । प्रतियोगितामा सातै प्रदेशको टिम सहभागी रहने छ । १२ दिनसम्म चल्ने यस प्रतियोगितामा कुल २२ वटा खेल नक आउट प्रणालीमा हुनेछन् । यही जेठ २६ गते प्रतियोगिताका फाइनल खेल गराउने आयोजक संस्थाको तयारी छ । प्रतियोगिताको विजेता टिमलाई तीन लाख र उपविजेतालाई दुई लाख नगद, शिल्ड, प्रमाणपत्र प्रदान गरिने छ ।

यसअघि यही प्रतियोगिता सप्तरीको राजविराजमा जिल्ला स्तरीय भएको थियो । प्रतियोगिताको यो दोस्रो संस्करण हो । मधेश प्रदेश सरकारको शिक्षा तथा समाज कल्याण मन्त्रालयको मुख्य सहयोगमा प्रतियोगिता हुँदै छ । प्रतियोगिताको उद्घाटन प्रतिनिधि सभा सांसद तथा पूर्व गृहमन्त्री विमलेन्द्र निधिले गर्नेछन् ।

खेलकुद विकासको लागि प्रदेश सरकार तत्पर रहेको शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले बताए ।

उनले सरोकारवाला निकायसँग हातेमालो गरी काम गर्ने प्रतिबद्धता जनाए । सरकारले खेल सम्बन्धी विधेयक संदनमा प्रस्तुत गरेकोको पौराणिक खेल प्रवर्द्धन गर्ने उनले बताए ।

नगर प्रमुख मनोज कुमार साहले केन्द्रले निर्माणाधीन रामजानकी बहुउद्देशिय रंगशाला बन्न नदिन केही षड्यन्त्र भइरहेको सूचना आएको भन्दै पत्रकार सम्मेलन मार्फत खबरदारी गरे ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अनुदानमा दिन घोषणा गरेका एक अर्व भारतीय रुपैयाँ उक्त रंगशालामा लगाउने प्रदेश र स्थानीय सरकार तयार छन् । तर यही जेठ १८ प्रधानमन्त्री पुष्प कमल दाहाल भारत भम्रणमा जाँदै छन् । सोही भ्रमणमा सो रकम विभिन्न ठाउँमा खर्च गर्ने प्रस्ताव भारत सरकार समक्ष नेपालले राख्ने तयारी रहेको चर्चा छ ।

# ठगी गर्ने हुलाक प्रमुख कुर्मी पक्राउ

**टुडे समाचारदाता**

बारा । जिल्ला हुलाक कार्यालय बाराका निमित प्रमुख बलिराम प्रसाद कुर्मी पक्राउ परेका छन् ।

हुलाक बचत बैक कलैयामा करोडौं रकम ठगी गरेको आरोपमा कुर्मी पक्राउ परेको प्रहरी प्रवक्ता पुरुषोतम सिंह पाण्डेयले जानकारी दिए ।

पक्राउ पर्नेमा पर्सा जिल्ला बहुदरमाई गाउँपालिका -२ का हुलाक बाराका निमित कार्यालय प्रमुख कुर्मीले देवताल गाउँपालिका - ४ टोल पिपराढीका ५५ वर्षीय प्रदीप कुमार चौधरीको खाता नम्बर १७१ बाट ३५ लाख ५० हजार ५ सय २६ रुपैया र श्रीमती २१ लख ५३ हजार ८ सय ८५ रुपैयाँ उनको खाता नम्बर १६२३ बाट गरी ५७ लाख ४ हजार ४ सय ११ रुपैयाँ हिनामिना गरेको उनीहरुको आरोप छ ।



उनीसहित १३ जना बचतकर्ताहरुको १ करोड ९५ लाख ३४ हजार ९ सय ६६ रुपैयाँ कुर्मीले आफनो खातामा ट्रान्सफर गरी हुलाकको खाता शून्य बनाइ सो रकम हिनामिना गरेको आरोपमा महागढीमाइ नगरपालिका -२ बरियारपुरका ज्ञानप्रकाश रौनियार सहित १३ जनाले जिल्ला प्रहरी कार्यालयमा किटानी मुद्दा दर्ता गरेका छन् ।

जिल्ला प्रहरी कार्यालयले हुलाकका निमित प्रमुख कुर्मीमाथि ठगी मुद्दा दर्ता गरी जिल्ला अदालतबाट ५ दिनको म्याद गरी अनुसन्धान भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिए ।

# ध्वनि प्रदूषण विरुद्ध रिट दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामसहित आसपासको क्षेत्रमा दिनानुदिन बढ्दै गएको ध्वनि प्रदूषण नियन्त्रणका लागि परमादेश जारी गर्नुपर्ने भन्दै उच्च अदालत जनकपुरधाममा रिट निवेदन दर्ता गरिएको छ ।

अधिवक्ताद्धय आरती साह र राहुल झाले संयुक्त रुपमा सो रिट निवेदन दर्ता गराएका छन् । ध्वनि प्रदूषणको कारण मधेश प्रदेशको राजधानी जनकपुरधाममा मात्र होइन सम्पूर्ण प्रदेश नै आक्रान्त बनेपछि सोनियन्त्रणको आवश्यकता रहेको भन्दै विभिन्न २४ वटा निकायलाई विपक्षी बनाइ रिट निवेदन दर्ता गरिएको नेपाल बार एशोसिएशन जनकपुरधामका सदस्यसमेत रहेका अधिवक्ता झाले बताए ।

उनका अनुसार २०७९ पुस ३ गते रिट दायर गरिएको छ भने सो रिट निवेदनमाथि असार ५ गते पेशी सुनुवाइ हुने बताइएको छ ।




रिट निवेदनमामा धनुषाको १८ वटै पालिका,जिल्ला ट्राफिक कार्यालय धनुषा,जिल्ला प्रहरी कार्यालय,जिल्ला प्रशासन कार्यालय ,कानुन न्याय तथा प्रदेशसभा मन्त्रालय,भौत्तिक पूर्वाधार विकास मन्त्रालयसहितका २४ वटा निकायलाई विपक्षी बनाइएको छ ।

संविधानको धारा ३० को २ र धारा ५१ को (ग)ले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको हनन् हुँदा पनि सम्बन्धित निकायहरु गम्भीर नबनेपछि परमादेश जारी गर्नका लागि रिट निवेदन दर्ता गराइएको अधिवक्ता साहले बताइन् ।

रिट निवेदनमा मन्दिर मस्जिदहरुमा जोड जोडले बजाइने लाउडस्पीकर ,विहेबारीमा बजाइने डीजे लगायतको मानव स्वास्थ्यमा गम्भीर असर पर्ने खालका ध्वनि प्रदूषण तत्काल नियन्त्रण गर्नुपर्ने,ट्राफिकको कारणले उत्पन्न ध्वनि प्रदूषण अन्त्य गर्नसमेत माग गरिएको छ ।

केहीदिन यतादेखि जनकपुरधामसहित आसपासको क्षेत्रमा ध्वनि प्रदूषण अत्यधिक बढेको छ । सोको नियन्त्रणका लागि स्थानीय प्रशासनले केही दिन अगाडि मापदण्ड निर्धारण गरे पनि सोप्रति स्थानीय प्रशासन गम्भीर हुन नसकेको जनगुनासो रहेको छ ।

# जनकपुरमा भाटभटेनी असार ६ गतेदेखि सञ्चालन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुककै ठूलो सुपरस्टोर भाटभटेनीले आफ्नो २५ औं स्टोर जनकपुरधाममा स्थापना गरेको छ ।

मधेश प्रदेशमा वीरगञ्जपछि यो दोस्रो स्टोरका रुपमा सञ्चालनमा आउन लागेको छ ।

जनकपुरलाई आर्थिक रुपमा थप चलायमान गराउन भाटभटेनीको यस स्टोरले टेवा पुग्ने स्थानीयले अपेक्षा गरेका छन् ।



बहुप्रतिक्षित र ठूला लगानीले यहाँ रोजगार सिर्जना गर्नुका साथै व्यस्त जीवनशैलीका उपभोक्तालाई एकै ठाउँबाट अन्तर्राष्ट्रिय स्तरको सपिङ अनुभव उपलब्ध हुँदा थप सहज हुने दाबी गरिएको छ ।

नेपालमै अन्तर्राष्ट्रिय स्तरको सपिङ अनुभव र सेवा प्रदान गर्ने उद्देश्यले देशभरका ठूला शहरहरुमा भाटभटेनीको स्टोर विस्तार गरिएको सुपर स्टोरका अध्यक्ष तथा प्रबन्ध निर्देशक मिन बहादुर गुरुङले बताए । २ अर्ब बढी लागतमा जनकपुरधाम उपमहानगरपालिका -१४ मुजेलीया, शहीदद्वार नजिकै स्थापना भएको स्टोरको औपचारिक उद्घाटनका लागि तयारी पूरा भएको छ ।

१ विघा १० धुर क्षेत्रफलमा बनेको यस स्टोरमा २ लाख बढी वर्गफुटमा सपिङ सपिङ स्पेस रहेको छ ।

व्यवस्थित पार्किङ, मनमोहक फउन्टेन तथा आकर्षक डिजाइनसहित बनेको भाटभटेनीमा २०० बढी स्थानीयले प्रत्येक्ष रोजगारी पाउने उनले बताए ।

भाटभटेनीले स्वदेशी उत्पादन र स्वरोजगारलाई विशेष प्राथमिकता दिएको उनले दाबी गरे । 'हामीले अन्तर्राष्ट्रिय स्तरको स्टोरबाट स्थानीय जनतालाई सेवा दिने मात्रै होइन, स्थानीय उत्पादन खरिद र बिक्री तथा स्वरोजगारलाई विशेष प्राथमिकता दिएका छौं । स्थानीय किसान, उद्यमी, व्यवसायी, उद्योगले उत्पादन गरेका सामग्री खरिद गर्नुका साथै स्थानीय जनशक्तिलाई रोजगार प्रदान गर्दै आएका छौं ।

स्वदेश तथा विदेशबाट जनकपुर घुम्न आउने पर्यटकलाईसमेत लक्षित गरी स्थापना गरिएको स्टोरमा उपलब्ध हुने सेवाले यहाँको पर्यटन व्यवसायमासमेत टेवा पुग्ने अपेक्षा गरिएको भाटभटेनी सुपरस्टोरका क्षेत्रीय व्यवस्थापक विनोद भट्टराइले बताए ।

यो स्टोर संचालनले जनकपुर मात्र नभइ आसपासका जिल्लाहरुसंगै सीमावर्ति भारतीय शहरका वासिन्दाहरु पनि लाभान्वित हुने उनले बताए ।

स्टोर संचालनसंगै जनकपुरको आन्तरीक तथा वाह्य पर्यटनको प्रवर्द्धनमा पनि सहयोग पुग्ने हाम्रो बिश्वास छ, उनले भने । स्टोरमा ग्रोसरी, किचनवेयर, रेडीमेड गार्मेन्ट, बच्चाका खेलौनाका सामान, फुटवेयर, इलेक्ट्रोनिक्सका सामानहरु, वर्ल्ड क्लास ब्राण्डेड लुगाहरु, ब्राण्डेड जुत्ताहरुलगायत दैनिक उपभोग्य सबै सामान एकैठाउँमा बजार भन्दा सस्तो मूल्यमा उपलब्ध हुने उनले बताए ।

फुडकोर्ट सहितको पूर्ण वातानुकुलीत एवम् आकर्षक सजावट सहित एकै स्थानमा अन्तराष्ट्रिय स्तरको सपिङगर्दा यस क्षेत्रका आम उपभोक्ताको समयको समेत बचत पनि हुने उनि बताउछन ।

यस स्टोरमा अन्तर्राष्ट्रिय स्तरको पेपे पिज्जा, मल्टिप्लेक्स सिनेमा हल, बाबु नानीहरु खेल्नका लागि किड्स जोन,स्केट पार्क लगाएतका सुविधाहरु पनि रहने उनले बताए । स्टोरको शुभारम्भको अवसरमा ग्रोसरीमा १० प्रतिशत र इलेक्ट्रिक सामानमा २० प्रतिशत सम्म नगद छुटसँगै फ्रि होमडेलिभरी सुविधा पनि दिईने भाटभटेनीले जनाएको छ ।

मुलुक आर्थिक संकटमा परिरहेको बेला भाटभटेनीले भने अर्थतन्त्र सुधारमा टेवा पुग्नेगरी बजार विस्तारलाई थप तिब्रता दिएको छ । निजी क्षेत्रका अन्य उद्योगी तथा व्यवसायीहरुले जस्तै भाटभटेनीले संकटको सामना गर्नुपरेको भएपनि ठूलो आँट गरेर नै बजार विस्तारलाई तिब्रता दिइएको अध्यक्ष गुरुङ बताउँछन् । मुलुक आर्थिक संकटमा परेको बेला नीजि लगानी कर्ताहरुले राज्यलाई साथदिनेगरी लगानी वृद्धि गर्नु पर्ने र सोही अनुसार राज्यले पनि लगानी सुरक्षाको प्रत्याभूत दिलाउन सक्नु पर्ने उनको बुझाई छ । 'आर्थिक संकटका बेलामा देशलाई चाहिने भनेकै रोजगारीका अवसर हुन । जति बेरोजगारी कम हुन्छ, जनतालाई त्यतिनै सहज हुन्छ ।"उनले भने 'संकटको बेलामा पनि रोजगारी सिर्जना गर्न सकिएको छ, यसमा हामीलाई खुसी लागेको छ ।"

आफ्नो बजार विस्तारमा आफ्नै फरक शैली अपनाएको भाटभटेनीले झापाको विर्तामोड तथा दमकमा पनि स्टोर निर्माण कार्य चलीरहेको र छिटै संचालनमा ल्याउने भाटभटेनीले जनाएको छ । भाटभटेनीले अहिलेसम्म ८ हजार बढिलाई रोजगारी प्रदान गरिहेको छ ।

# संविधान संशोधन गर्न माग



**सिकेन्द्र पासवान**

बारा । नेपाली काँग्रेसका सह-महामन्त्री फरमुल्लाह मंसुरले संविधान संशोधन गर्न माग गरेका छन्।

नेपाल मुस्लिम संघ बाराको जिल्ला अधिवेशनलाई कलैयामा उद्घाटन गर्दे मंसुरले राज्यको हरेक निकायमा समावेशिताको आधारमा शासन र प्रशासनमा प्रतिनिधित्व हुनुपर्ने माग गरेका छन् । संविधानमा मुस्लिम, दलित, थारु, जनजाती,महिला, सीमान्तकृत, पिछडिएका वर्गका अधिकारको ग्यारेन्टी गरिए पनि व्यवहारमा उतार्न नसकेको भन्दै जबसम्म यी वर्गको उत्थान हुँदैन तबसम्म देश समृद्धको बाटोमा जान सक्दैन मंसुरले बताए ।

राष्ट्रिय सभामा पनि मुस्लिमको प्रतिनिधित्व सुनिश्चित हुनपर्ने उनले धारणा राखेका थिए । मधेश प्रदेश र लुम्बनी प्रदेश बाहेक ५ वटा प्रदेशमा मुस्लिमको कुनै पनि सहभागिता नभएकोमा मंसुरले आपत्ति बताए ।

प्रेसलाई संकुचन गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सस्थागत गर्नमा वर्तमान सरकार बाधक बनिरहेको पूर्व मन्त्रीसमेत रहेका मंसुरले बताए ।

# भुक्तानी नपाउँदा साझेदारसहित ९७ परिवारको विचल्ली

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको भारदह स्थित कोशी व्यारेजदेखि राजविराज-कुनौली सडक खण्ड अन्तर्गत पर्ने पश्चिमी नहरको सफाइ कार्यमा संलग्न पेटीदार, कामदार तथा साझेदार समेतले काम गरेवापतको रकम पाउन नसकेको गुनासो गरेका छन् ।

काम सम्पन्न भएको महिनौ वितिसक्दा पनि बाँकी बक्यौता रकम पाउन नसक्दा यसमा श्रम र आर्थिक लगानी गरेका ९७ परिवार पीडित भएका छन् ।

पीडित पक्षले शनिबार पत्रकार सम्मेलनको आयोजना गरी आ-आफ्नो पीडा सुनाउँदै न्यायका लागि पहल गरिदिन सम्बद्ध सबै निकायसंग आग्रह गरेका छन् ।

कोशी पश्चिमी नहर सफाइको काम भारत बिहार राज्यको सिँचाइ विभाग कुनौली डिभिजनद्वारा झण्डै ३२ करोड भारतीय रुपैयाँका लगानीमा गरिएको छ ।

तीन वर्ष अघिदेखि शुरु भएको उक्त कार्य सम्पन्न गर्ने गरी भारतकै हैदरावाद स्थित एनआरएच ईयचजेभी नामक निर्माण कम्पनीले ठेक्का पाएको थियो ।

उक्त कम्पनीले भने प्रभात कुमार मिश्र संचालक रहेको भारतकै त्रिकला इन्डस्ट्री इन्डिया कम्पनीलाई पेटी कन्टयाक्टमा सो काम गर्न जिम्मा दिएको थियो ।

संचालक मिश्रले भने भारतकै विहार राज्य सिपौल जिल्ला बीरपुरका अर्का ठेकेदार राजु सिंहलाई साझेदार बनाइ निर्माण कार्य शुरु गरेका थिए ।

मिश्र र सिंहको बराबरी पुँजीमा शुरु भएको उक्त काममा भारतीयसंगै नेपाली मजदुर पनि



खटिएका थिए ।

काम गरेर पनि लामो समयदेखि भुक्तानी नदिदा आफूहरु मार्कामा परेको पीडित मध्येका सत्यजीत झाले बताए ।

भुक्तानी नदिएपछि केही दिनअघि मात्र निर्माण कम्पनीका ३ वटा स्काइभेटर उनीहरुले नियन्त्रणमा लिइ प्रहरीको जिम्मा लगाएको थियो । उक्त स्काइभेटरहरु भारदह स्थित सशस्त्र प्रहरी बेस क्याम्पमा राखिएको थियो ।

तर पनि भुक्तानी नपाएपछि पीडितहरुको तर्फबाट सप्तरी जिल्ला अदालतमा संचालक मिश्र विरुद्ध मुद्दासमेत परेपछि न्यायाधीश लालकाजी श्रेष्ठको इजलासले मजदुर, माटो-ढुङ्गा, ट्रक, टिपर, टयाक्टर र इन्धन वापत कबोल गरेको रकम भुक्तानीको टुंगो नलागेसम्म हाल स्काइभेटर र अन्य सवारी साधनको अर्को आदेश वा प्रतिउत्तर परेपछि पुनः विचार गर्ने गरी हाललाई प्रतिउत्तर पर्ने कानुन बमोजिमको अवधिसम्म नेपाल बाहिर लान नदिनु आदेश जारी गरेको थियो ।

तर आदेशको उल्लघंन गर्दै एउटा स्काइभेटर भने प्रहरी नियन्त्रणबाट निकालेर ठेकेदारका आफन्तले लगेको पत्रकारसम्मेलनमा जानकारी गराइएको छ ।

ठेकेदारका साझेदार रहेका राजु सिंहले आफूहरुले पाउनुपर्ने सबै १३ करोड अर्का साझेदार मिश्राले बुझिसके पनि ९ करोड रुपैयाँ मात्र दिएर बाँकी पैसा राखेको कारण आफूले मजदुरहरुलाई भुक्तानी दिन नसकेको लाचारी व्यक्त गरे ।

उनले संचालक मिश्राकै कारण मजदुरलाई मात्र होइन, पेटी कन्टयाक्टमा आफूले काममा लगाएको नेपाली ठेकेदार तथा स्काइभेटरको इन्धन र टयाक्टर, टिपरलगायतका सवारी साधनको भाडासमेत दिन समस्या भएको सुनाउँदै नेपाली कानुन बमोजिम मिश्राबाट बाँकी बक्यौता रकम असुल गराउन सहयोगका लागि सबैसँग आग्रह गरे ।

# मुस्लिम महिलाद्वारा रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको छुट्टा-छुट्टै स्थानमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ७९ जनाले रगत दान गरेका छन् ।

धनौजी गाउँपालिका-५ बहुअर्वामा रहेको सामुदायिक सिकाइ तथा सामाजिक विकास केन्द्रको आयोजना तथा नेपाल रेडक्रस सोसायटी धनुषाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

धनौजी गाउँपालिकामै पहिलो पटक रक्तदान कार्यक्रमको आयोजना हुँदा सर्वसाधारणहरुमा उत्साह देखिएको केन्द्रका सचिव रामकृपाल महतोले बताए । उनका अनुसार ४५ जना पुरुष तथा ४ जना महिलाहरुले रक्तदान गरेका छन् ।

त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिका-७ दशरथनगर स्थित मदर्शा गुलसने अजमेरीमा आयोजित रक्तदान कार्यक्रममा ३० जना मुस्लिम समुदायका व्यक्तिहरुले रगत दान गरेका छन् ।

अधिवक्ता अब्दुल अजिज आलमको संयोजकत्व तथा नेपाल रेडक्रस सोसायटी जनकपुरधामको प्राविधिक सहयोगमा कार्यक्रमको अयोजना गरिएको थियो । सो कार्यक्रममा २६ जना पुरुष तथा ४ जना महिलाहरुले रक्तदान गरेका छन् ।

मुस्लिम समुदायका व्यक्तिहरुले रक्तदान गर्न हच्कच्याउने गरेको व्यापक गुनासो आएपछि मुस्लिम समुदायमा पनि रगत दान गर्नुपर्छ भन्ने जनचेतनाका लागि कार्यक्रमको




आयोजना गरिएको मुस्लिम अगुवा तथा जनता समाजवादी पार्टीका नेता साजीद हुसैनले बताए ।

जनकपुरधाममा मुस्लिम महिलाहरुले रगत दान गरेको बताउँदै उनले भने,'विस्तारै मुस्लिम समुदायमा पनि रगतदान सम्बन्धी जागरुकता बढेको छ यो सकारात्मक पक्ष हो।'

# स्थापना दिवसमा फलफूल वितरण




**टुडे समाचारदाता**

मलंगवा । नेपाल प्रेस युनियनको ३२ औं स्थापना दिवसको अवसरमा शनिवार जिल्लाको जुटपानीस्थित पद्म-भुवनेश्वरी नमुना वृद्धाश्रममा फलफूल वितरण गरिएको छ ।


लालबन्दी नगरपालिका - २ स्थित आश्रममा पुगेका युनियनका अध्यक्ष कृष्ण थपलियासहितका पदाधिकारीहरूले ५५ जना वृद्धवृद्धालाई फलफूल र फ्रुटी वितरण गरेका आश्रमकी व्यवस्थापक भवानी कोइरालाले जानकारी दिइन् ।

सो अवसरमा युनियनको मधेश प्रदेश कार्यसमितिका सदस्य मुकेश झाले आश्रमलाई आफ्नोतर्फबाट ५ हजार १ सय ५ रुपैयाँ सहयोगसमेत गरेका थिए ।

सहयोग रकम युनियनका अध्यक्ष थपलियाले आश्रमका अध्यक्ष एवम् व्यवस्थापक भवानी कोइरालालाई हस्तान्तरण गरेका थिए । त्यस्तै, बारामा पनि फलफूल वितरण गरिएको छ ।

शाखाका अध्यक्ष श्यामबाबु यादवको नेतृत्व एवम नेपाल प्रेस युनियन मधेश प्रदेशको अध्यक्ष सत्यप्रसाद श्रेष्ठको प्रमुख आतिथ्य कलैयामा रहेको प्रदेशशिक अस्पतालमा उपचाररत ६० जना बिरामीहरुलाई फलफूल वितरण गरिएको थियो ।

आकस्मिक, भर्ना, आइसियुमा रहेको बिरामीहरुलाई स्याउ, केरा, फुटी प्रदान गरिएको थियो । सो अवश्रमा नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य गणेश रिजाल, नेपाल पत्रकार महासंघ बाराको अध्यक्ष रेशम तिवारी, प्रदेश महासंघका निवर्तमान सदस्य सिकेन्द्र पासवान, युनियनका प्रदेश सदस्य संजीव मिश्र, महासंघका निवर्तान उपाअध्यक्ष राकेश पाण्डेय, युनियनका सचिव राजेश कुसवाहा, कोषाअध्यक्ष अरुण साहलगायतले फलफूल वितरण गरेका थिए ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### साहुको धन डुबाउने कानुन संशोधन हुनुपर्छ

नेपाल सरकारले अनुचित लेनदेन(मिटर ब्याजी)बाट पीडितहरुलाई राहत दिन देवानीसंहिता २०७४ मा गरेको संशोधनले साहुहरुको खर्बौं रुपैयाँ डुब्ने भएको छ। २०७४ साल पूर्व तत्कालीन कानुन बमोजिम कपाली तमसुकको आधारमा गरिएको लेनदेनलाई डुबाउने गरी सरकारले ल्याएको कानुनबाट लाखौं साना ठूला साहुहरु डुब्ने भएका छन् । ऋणीहरुले साहुको साँवासमेत नतिरी मिटर ब्याज लिएको भन्दै सरकारले गठन गरेको आयोगमा उजुरी दिन थालेका छन् ।उनीहरुले दिएको उजुरीलाई आधार मानेर नै आयोगले कारबाही गर्दा गर्जो टार्न साहुले दिएको ऋण पूर्ण रुपमा डुब्ने देखिन्छ । केही साहु महाजनले बदमासी गरेकै कारण सबैको सम्पत्ति डुबाउने कानुन सरकारले बनाउनु उचित होइन् । सरकारले बनाएको कानुनको अर्को पक्ष अत्यन्त पीडादायी छ । अनुचित लेनदेनको नाउँमा बनाइएको कानुनले समाजमा अनेक समस्या उत्पन्न गराएको छ । आमनागरिकको बैंकसम्म ऋण लिने पहुँच छैन् ।पहुँच भएकाहरुले पनि सबै प्रयोजनका लागि ऋण पाउँदैन् ।गाउँघरमा मात्र नभइ शहर बजारमासमेत आकस्मिक समस्याहरु उपचार, मृत्यु जस्ता कार्यका लागिसमेत सापटी, ऋण लेनदेन बन्द भएको छ। विवाह, शिक्षा, वैदेशिक रोजगार लगायतका लागि चाहिने तत्कालीन रुपैयाँसमेत सामाजिक स्तरबाट उपलब्ध भइरहेको छैन् । बैंकले यस्ता क्षेत्रमा लगानी गर्दैन् । रकम अभावमा कयौं विवाह कार्यक्रम रोकिएको वा सारिएको छ । सापटी रकम नपाउँदा अस्पतालमा उपचार रोकिन थालिएको छ । त्यसको प्रभाव समाजमा नकारात्मक पर्ने निश्चित छ । तत्काल रुपैयाँ नहुँदा उपचार लगायतका आकस्मिक कार्यमा समस्या देखिएको छ । अस्पतालमा उपचारका लागि लाग्ने शुल्क नबुझाउदा बिरामीलाई उपचार बन्द गरी अस्पतालबाट निकाल्ने गरिन्छ । त्यसकारण बिरामीको ज्यान पनि जान सक्छ। खाँचो परेको बेला ऋण लिएकाहरुले तिर्ने बेला मिटर ब्याजीको आरोप लगाउँदै साहुमाथि उजुरी दिन थालेपछि सामाजिक लेनदेन पूर्णरुपमा नै बन्द भएको छ । त्यसको प्रभावहरु देखिन थालेपछि साहुको रकम ब्याजसहित फिर्ता गराउनुपर्ने, कपाली तमसुकलाई मान्यता दिनुपर्नेलगायतका मागहरु राखेर सडकमा जुलुस निस्कन थालेको छ। ऋण लिएर बेइमानी गर्नेहरुको भन्दा बढी समर्थन ऋण दिनेहरुले पाउने देखिएको छ। सरकारले अध्यादेश मार्फत बनाएको कानुनको असर बारे राम्ररी अध्ययन गरिएको देखिदैन् ।पीडित ऋणीलाई सरकारले सहयोग गर्नु आवश्यक छ ।पीडक साहुलाई पनि कारबाही हुनुपर्छ ।तर सबै साहुको रकम नै डुबाउने कानुन सरकारले बनाउनु सर्वथा अनुचित हो ।२०७४ सालमा भएको लेनदेनलाई समेत मान्यता दिने गरी कानुनमा संशोधन गर्नुपर्छ। अनुचित लेनदेनको विषयमा गठित उच्चस्तरीय आयोगले सबै पक्षको पीडालाई बुझ्नुपर्छ ।सामाजिक संरचनामा नै गम्भीर असर पर्ने गरी सरकारले बनाएको कानुनको कारण भविष्यमा आउने विकृतिहरुको विषयमासमेत सचेत रहनुपर्छ ।साहुको धन डुबाउने कानुनलाई सरकारले संशोधन गर्नुपर्छ।

# खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता



ललित कुमार यादव

खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता एक अर्कासँग अन्तरसम्बन्धित छ। जसले गरिबी र भोकमरी तथा कुपोषणको अन्त्य गर्न सघाउ पुर्याउँछ।खाद्य अधिकार कानुनी रुपमा दिइएको हक हो भने खाद्य सुरक्षा खाद्यान्नगको उत्पादन र वितरणमा केन्द्रित छ ।त्यसै गरि खाद्य सम्प्रभुता एक राजनीतिक तथा आर्थिक अवधारणा हो।जुन व्यक्तिको खाद्य तथा कृषि उत्पादनमा स्वनिर्णय गर्न पाउने र दिगो व्यापार योजना र अभ्याहसहरु अवलम्बन गर्न पाउने कुरामा केन्द्रित रहेको छ।

नेपालको सन्दर्भमा ,नेपालको संविधान, २०७२ को धारा ३६ ले "खाद्य सम्बन्धी हक" अन्तर्गत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई नागरिकको मौलिक हकको रुपमा सुनिश्चिदत गरेको छ।खाद्य सम्बन्धी हकलाई कार्यान्वयन गर्न "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५" ल्याएको छ। ऐनमा समेत खाद्यका तीन वटै पक्षलाई समेटीएको छ।ऐनको दफा ३ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुने तथा दफा १२ ले प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुने व्यवस्था गरी अधिकारको कार्यान्वयनको लागि स्थानीय, प्रादेशिक र संघीय तीनै तहका सरकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्व समेत सिर्जना गरेको छ।

"खाद्य"लाई मानव अधिकार सम्बन्धी अन्तर र्राष्ट्रिय दस्तावेजले व्यक्तिको "मौलिक मानव अधिकार" को रुपमा स्वीकार गरेको छ।"खाद्य अधिकार" शब्दको उत्पत्ति मानव अधिकारको विश्व्यापी घोषणापत्र १९४८ बाट भएको हो। घोषणापत्रको धारा २५ ले " स्तरीय जीवनको अधिकार भित्र खाद्य अधिकारलाई समावेश गरी खाद्य अधिकारलाई औपचारिक रुपमै मानव अधिकारको रुपमा मान्यता प्रदान गर्यो । पछि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिधय अनुबन्ध, १९६६ को धारा ११ ले खाद्य अधिकारलाई कानुनी मान्यता प्रदान गर्यो।

खाद्य अधिकार मानिसले बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष रुपमा जोडिएको विषय हो भने अन्य मानव अधिकारको उपभोगको लागि अपरिहार्य छ।खाद्य अधिकार भन्नाले "प्रत्येक व्यक्तिले सम्मान पूर्वक स्वस्थ तथा सक्रिय जीवन जिउनको लागि दिगो रुपमा पर्याप्तक , पोषणयुक्त, सुरक्षित र सँस्कृति जन्य खाना खान पाउने अधिकार" हो।यसले हरेक व्यक्तिले पर्याप्ति खाद्य प्राप्तस गर्ने "कानुनी आधार" र राज्यले सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने "बाध्यात्मक दायित्व" सिर्जना गर्दछ।खाद्य अधिकार उल्लंघन भएमा कानुनी उपचार प्राप्तष गर्ने संयन्त्रको समेत व्यवस्था गर्दछ।

खाद्य अधिकार अन्य अधिकारसँग पनि अन्तर्सम्बन्धित छ। जसरी खाद्य अधिकार अन्य अधिकारहरुको उपभोगको लागि अपरिहार्य अधिकार हो । त्यसरी नै खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभुत अधिकारहरुको समेत प्रत्याभूती हुनु आवश्यदक छ।ती रोजगारको अधिकार, शिक्षाको अधिकार, स्वास्यूत्को अधिकार, पानीको अधिकार, सम्पत्तिको अधिकार ,आवासको अधिकार, उपभोक्ताको अधिकार, सामाजिक सुरक्षाको अधिकार, शोषण विरुद्धको अधिकार, समानताको अधिकार, स्वच्छ वातावरणको अधिकार, सूचनाको अधिकार, पहिचानको अधिकार र मर्यादित जीवनको अधिकार आदि हुन्।खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकारको समेत प्रत्याभूती हुनु आवश्युक भएकोले नेपालको संविधानले यी अधिकारहरुलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ।व्यक्तिको खाद्य अधिकार सुनिश्चित गर्न राज्यले मूलतः सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व पुरा गर्नुपर्दछ।

खाद्य सुरक्षाको अवधारणा सन् १९७० को दशकमा विकसित भएको हो। गुणस्तरीय जीवन यापनका लागि खाद्य सुरक्षा अनिवार्य र महत्वपूर्ण तत्वको रुपमा रहन्छ।खाद्य सुरक्षा खाद्यान्नक उत्पादन, वितरण र उपभोगको संयोजित रुप हो।सन् १९७४ मा भएको विश्वय खाद्य सम्मेलनले खाद्य सुरक्षालाई उत्पा दन, मूल्यमा हुने घटबढ र खाद्य उपभोगमा हुने वृद्धिलाई धान्न सक्ने आधारभूत खाद्य वस्तुको सबै समयमा हुने विश्व,व्यापी आपूर्ति भनी परिभाषित गरेको छ।सन् १९८३ मा विश्वे खाद्य तथा कृषि संगठनले प्रत्येक व्यक्तिलाई आवश्यपक परेको हरेक समयमा आधारभूत खाद्यान्न मा भौतिक एवम् आर्थिक पहुँचको सुनिश्चितता हुनुपर्नेमा जोड दिएको छ। यस अनुसार भौतिक रुपमा खाद्यान्नव उपलब्ध भएर मात्र हुँदैन् भौतिक रुपमा उपलब्ध खाद्यान्नक किन्न सक्ने प्रत्येक व्यक्तिको क्रयशक्ति हुन जरुरी हुन्छ।

सन् १९९६ मा रोममा भएको विश्वध खाद्य सम्मेलनले सधैं पर्याप्तव, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता एवम् चाहना अनुसारको खानामाथि प्रत्येक व्यक्तिको भौतिक र आर्थिक दुवै पहुँच भएको अवस्थालाई मात्र खाद्य सुरक्षा भएको मानेको छ।नेपालको सन्दर्भमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ ले सक्रिय र स्वस्थ्य मानव जीवन यापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनुपर्छ भनी परिभाषित गरेको छ।

खाद्य सुरक्षा वहुआयामिक अवधारणा हो। यसले खाद्यान्न् उत्पादन, वितरण, उपलब्धता पहुँच एवम् उपयोगको ज्ञान लगायतका विषयहरुलाई समेटछन्। उल्लेखित विषयवस्तु मध्ये कुनै एकको अभावमा खाद्य सुरक्षा भएको मान्नष सकिँदैन।खाद्यान्नको पर्याप्त उपलब्धताले मात्र खाद्य सुरक्षाको ग्यारेण्टी् गर्दैन। उपलब्ध खाद्यान्नषमाआम नागरिकको पहुँच हुनु अनिवार्य हुन्छ अर्थात उपलब्ध खाद्यान्नय उपभोग गर्न सक्ने क्रय शक्ति आम नागरिकको हुनुपर्दछ ।त्यसै पहुँच भएको खाद्यान्न को पोषण तत्व् कायम राखेर स्वच्छ र सही तरिकाले उपयोग गर्न सक्ने ज्ञान पनि हुनुपर्दछ। तसर्थ यी सबै अवस्था पुरा भएको अवस्थालाई मात्र "खाद्य सुरक्षा" मान्नु सकिन्छ।

विश्वअ खाद्य शिखर सम्मेलन १९९६ को परिभाषाबाट खाद्य सुरक्षाको मूख्यछ चार आयामहरु पहिचान गर्न सकिन्छ। ती हुन :१.खाद्यान्नोको भौतिक उपलब्धता २. उपलब्ध खाद्यान्निमा भौतिक एवं आर्थिक पहुँच ३. पर्याप्त खाद्यको उपयोग ४. माथिका तीन आयामहरुमा स्थिरता ।

खाद्य सम्प्रभुता अवधारणाको विकास "ला भिया क्याम्पेसिनाद्वारा" सन् १९९६ मा गरिएको थियो । क्याम्पेसिनाद्वारा सन् २००७ मा ८० भन्दा बढी देशका ५०० प्रतिनिधिहरुको सहभागितामा मालीको नाईलेनी गाउँमा आयोजना गरिएको "फोरम फर फुड सेभरन्टी" नामक अन्तर्राष्ट्रिय सम्मेलनले खाद्य सम्प्रभुताका सम्बन्धमा "नायलेनी घोषणा पत्र" जारी गरेको थियो। उक्त घोषणा पत्रले खाद्य सम्प्रभुतालाई परिभाषित गर्नुका साथै खाद्य सम्प्रभुता हुनका लागि आवश्योक आधारभूत स्तम्भहरुको बारेमा समेत व्यवस्था गरेको छ।

खाद्य सम्प्रभुता एक राजनैतिक एवं आर्थिक अवधारणा हो, जसलाई खाद्य, खाद्य प्रणाली (उत्पादन, वितरण र उपभोग) तथा सोसँग सम्बन्धित नीतिको सम्बन्धमा राष्ट्र र किसान स्वयंले परिभाषित, निर्णय र कार्यान्वयन गर्न पाउने अधिकारको रुपमा लिईन्छ।यसले खाद्यान्न उत्पादनकर्ता किसानलाई खाद्य प्रणाली एवं नीतिको केन्द्रमा राख्दछ। यसले कृषि तथा खाद्य प्रणालीमा बहुराष्ट्रि य कम्पनीहरुको भन्दा पनि निर्वाहमूखि उत्पादनकर्ता र किसानको अधिकारको वकालत गर्छ।साथै वातावरणीय तथा आर्थिक दिगोपना सुनिश्चिमत गर्दै स्थानीय खाद्य उत्पादनकर्ता, वितरक र उपभोकताको शसक्तीकरण गर्ने कुरामा जोड दिन्छ। यसले खाद्य अधिकार तथा सोको लागि आवश्यक पर्ने स्वच्छ, स्वस्थ, वातावरणीय रुपमा दिगो खाद्यान्नध उत्पादन र प्राप्ति को अधिकारलाई महत्व दिन्छ।

सबै जनतालाई पर्याप्त , स्वच्छ र उपयुक्त खाद्यान्नकमा जोड, खाद्य उत्पादनकर्ता किसानलाई सम्मान र तिनीहरुको योगदानको कदर, स्थानीय जनताको आवश्य कता पुरा गरेर मात्र व्यापार, व्यवसाय र निर्यात, मल, बीउ, सिँचाई र जैविक विविधताको प्रयोग र व्यवस्थापनमा किसानहरुको नियन्त्रण, कृषि व्यवसायलाई प्रविधिमैत्री बनाउन किसानहरुमा ज्ञान र सीपको विकास , यी खाद्य सम्प्रभुताका सिद्धान्त र मान्यताहरु हुन्।यिनै विषय बस्तुको सेरोफेरोमा रहेर नेपालमा पनि खाद्य सम्प्रभुताको महत्वलाई विचार गर्दै "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५" जारी भएको छ।जस अनुसार "खाद्य सम्प्रभुता" भन्नाखले खाद्य उत्पाादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्याास गर्ने देहायको अधिकार सम्झनु पर्छ :- १. खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने, २. खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने, ३. कृषि योग्या भूमि, श्रम, बीउ बीजन, प्रविधि, औजारको छनौट गर्ने, ४. कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने ।

नाईलेनी घोषणापत्र २००७ ले खाद्य सम्प्रभुता हुनका लागि निम्न ६ वटा स्तम्भहरुको निर्धारण गरेको छ। ती हुन ;-१. "खाद्य" मानवको लागि पहिलो प्राथमिकता, २. खाद्य उत्पादनकर्तालाई विशेष महत्व, ३. खाद्य प्रणालीको स्थानीयकरण, ४. उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग तथा निययन्त्रणको अधिकार, ५. स्थानीय परम्परागत ज्ञान, शिप र प्रविधिको प्रवर्द्धन र संरक्षण र ६. प्रकृतिसँगै काम गर्ने ।

नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसअनुसार खाद्य सम्बन्धी हक प्रत्येक नागरिकलाई हुने, प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ र प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनी उल्लेख छ।त्यस्तै संविधानको धारा ५१ राज्यका नीतिहरु अन्तर्गत कृषि र भूमिसुधार सम्बन्धी नीति र नागरिकका आधारभूत आवश्याकता सम्बन्धी नीतिहरु उल्लेख छन् जसमा कृषि क्षेत्रको उत्पादकत्व बढाउने र खाद्यान्नको दिगो उत्पादन, आपुर्ति र सञ्चायको व्यवस्था गर्ने उल्लेख छ।

संवैधानिक व्यवस्था अतिरिक्त खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, पशु वधशाला र मासु जाँच ऐन, २०५५, कृषि जैविक विविधता नीति, २०६३, राष्ट्रिय कृषि नीति, २०६१, २० वर्षे कृषि विकास रणनीति (२०१५-२०३५) लगायतका कानुनी र नीतिगत व्यवस्था समेत प्रचलनमा रहेका छन्।त्यस्तै दिगो विकास लक्ष्यस अन्तर्गत शून्य भोकमरी (श्भचय ज्गलनभच ) को नीति नेपालले पनि अनुसरण गरेको छ। सन् २०३५ सम्ममा नेपाललाई खाद्यान्नयमा आत्मनिर्भर बनाउने लक्ष्यन लिएको छ। स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहँचको वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्ने लक्ष्य तय गर्दै पन्ध्रौं योजनामा खाद्य तथा पोषण सुरक्षालाई महत्वपूर्ण स्थान दिइएको छ।

विश्व खाद्य कार्यक्रम, सार्क खाद्य बैंङ्क, राष्ट्रिय खाद्य सुरक्षा भण्डामरण, एब्त्रत परियोजना, सिँचाइ परियोजनाहरु लगायतका सञ्चा लित खाद्य कार्यक्रमहरु रहेका छन्।सरकारले आफ्नो पूर्ण स्वामित्वमा स्थापना गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत ढुवानी अनुदान दिई दुर्गम जिल्लाहरुमा खाद्यान्न् वितरणको व्यवस्था मिलाएको छ।कम्पनीले खाद्य सुरक्षाको लागि सार्क खाद्य बैंङ्क र राष्ट्रिय खाद्य सुरक्षा भण्डावरमा खाद्यान्न् मौज्दातको व्यवस्थापन गर्दछ।

विश्वकव्यापी मानवअधिकार घोषणापत्र, १९४८ को धारा २५ मा प्रत्येक व्यक्तिलाई गाँस, वास, कपास र औषधोपचारको अधिकार रहेको छ। त्यस्तै, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रि य अनुबन्धन, १९६६ को धारा ११ मा प्रत्येक नागरिकलाई भोकबाट मुक्त रहन पाउने अधिकारलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ। यसका अतिरिक्त बाल अधिकार अभिसन्धि, १९८९, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रि य अनुबन्ध, १९६६, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव बिरुद्धको महासन्धि, १९७९ ले समेत खाद्य सुरक्षालाई मानव अधिकारको रुपमा स्विकार गरेको छ।यी सबै अनुबन्धहरुको नेपाल पक्ष राष्ट्र रहेको छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को परिच्छेद ४ ले राष्ट्रिय खाद्य योजनाको निर्माण गरी खाद्य अधिकारको कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ।तसर्थ तीनवटै तहका सरकार द्वरा खाद्य सम्बन्धी हकको कार्यावन्यन गर्ने सम्बन्धमा विभिन्न् विषय वा क्षेत्रसँग सम्बन्धित कानुन, नीति, योजना र कार्यक्रमहरु तर्जुमा वा संशोधन गर्दा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणा अनुरुप नै गरिनु पर्ने हुन्छ।

खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अलग अलग अवधारणा भएतापनि अन्तर ीष्ट्रिय अभ्यास तथा नेपालो कानूनी र नीतिगत प्रावधानलाई विश्ले्षण गर्दा यी अवधारणाहरुलाई परस्पर बिरोधी भन्दा पनि एक अर्काको पुरकको रुपमा अङ्गिकार गरिएको पाईन्छ। खाद्य सुरक्षाले खाद्य तथा पोषण सुरक्षा प्राप्तअ गर्नको लागि लक्ष्यक निर्धारण गर्न, खाद्य अधिकारले उक्त लक्ष्यप प्राप्तितका लागि कानूनी मापदण्डअहरु निर्धारण गर्न तथा खाद्य सम्प्रभुताले कानूनी मापदण्डख बमोजिम खाद्य तथा पोषण सुरक्षालाई व्यबहारिक रुपमा हासिल गर्नका लागि आवश्ययक राजनैतिक तथा आर्थिक नीति र कार्यक्रमलाई कार्यान्वयन गर्ने सम्बन्धमा स्पष्टआ मापदण्ड्हरु निर्धारण गर्न सहयोग गर्दछ।खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता अवधारणाहरुको अन्तिम लक्ष्य् भोकमरी तथा कुपोषणबाट मानव समुदायलाई मुक्त गर्नु रहेको छ।

# विपद्, विनाश र विकासबीचको अन्तर्सम्बन्ध

श्रीरामसिंह बस्नेत

विपद्ले विनाशमात्र गर्दैन, विकासका लागि नयाँ ढोका पनि खोल्छ। विश्वका विभिन्न भागमा अहिलेसम्म भएका अनेकौं प्राकृतिक विपद्को इतिहास हेर्ने हो भने यो तथ्य प्रमाणित भएको पाइन्छ । चाहे नेपालको विसं १९९० को महाभूकम्प होस् वा सन् १९९५ मा जापानको कोबे भूकम्प वा सन् २००१ मा भारत गुजरातको भुजको विनाशकारी भूकम्प होस्, त्यो विपद्पछिको पुनःनिर्माणले ती स्थानको काँचुली नै फेरिदिएको सर्वविदितै छ। विसं २०७२ वैशाख १२ गते नेपालमा आएको ठूलो भूकम्पले पनि विनाश र वियोगका साथसाथै नवनिर्माणको अवसर पनि जुटाइदिएको सबैले अनुभूति गरेका छन् ।

सामान्यतया विपद्का तीन चरण हुन्छन्-विपद्पूर्व (प्रि-डिजास्टर), विपद् भइरहेको अवस्था (ड्युरिङ डिजास्टर) र विपद्पश्चात् (पोस्ट-डिजास्टर) । विपद् पूर्वको चरण मूलतःपूर्वतयारीको चरण हो । सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षतिलाई सकेसम्म न्यूनीकरण गर्नु गराउनु नै यो चरणको मुख्य लक्ष्य हो । हाम्रो देश विपद् पूर्वतयारीका लागि त्यति सबल नरहेको विसं २०७२ को भूकम्पमा प्रत्यक्ष अनुभव भयो । यो चरणमा बुद्धि र विवेक नपुर्‍याउँदा कति हृदयविदारक क्षति भोग्नुपर्छ भन्ने दृष्य चार महिनाअघिमात्र टर्कीको भूकम्पमा देखियो । विसं २०७२ को गोरखा भूकम्पमा झण्डै नौ हजार व्यक्तिले जीवन गुमाए भने २२ हजारभन्दा बढी घाइते भए । पूर्वतयारी सबल भइदिएको भए त्यो सङ्ख्या निकै घटाउन सकिन्थ्यो । दोस्रो चरण अर्थात् विपद् भइरहेको अवस्थाको दृष्टिले २०७२ को भूकम्पलाई लेखजोखा गर्दा केही मिश्रित स्थिति पाइन्छ । विशेषगरी सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीले त्यस अवस्थामा निर्वाह गरेका आफ्ना पेशागत कर्तव्यको जति प्रशंसा गरे पनि कमै हुन्छ। वैशाख १२ को मुख्य भूकम्प र त्यसपछिका साना ठूला परकम्पहरूको लगातार सन्त्राशका बीच भूकम्प प्रभावित स्थानहरूमा कार्यरत यी तीन पेशाकर्मीले गरेका कामको देश, विदेशमा चर्चा बटुलेको थियो । यो चरण वास्तवमा उद्धार र राहतमा केन्द्रित भएर काम गरिने चरण हो । त्यसका लागि सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीबीच चुस्त र प्रभावकारी समन्वय, समझदारी र सहकार्य अनिवार्य हुन्छ । तर हामी कहाँ त्यसमा कमीकमजोरी देखियो । फलस्वरुप कहीँ राहत सामग्रीको थुप्रो लागेको, कहीँ भने केही पनि नपुगेको गुनासो धेरै आयो । विदेशबाट आएका उद्धार टोलीहरूले आफ्नो साथमा ल्याएका अत्याधुनिक उपकरणहरूको प्रयोग गरे तर नेपालको उद्धार टोली भने त्यस्ता उपकरणको व्यवस्था नहुँदा साभेल, पिककै भरमा उद्धार कार्यमा जुटिरहेको बाध्यात्मक दृष्य पनि देखियो ।

विपद्को तेस्रो चरण अर्थात् विपद्पश्चात्को चरण मुख्यतया पुनःस्थापना र पुनर्निर्माणका कार्यमा केन्द्रित रहन्छ। गोरखा भूकम्पपछि भूकम्पपीडितको पुनःस्थापना र पुनःनिर्माणका लागि धेरै महत्वपूर्ण काम भए । पुनर्निर्माणसम्बन्धी ऐन ल्याउन र पुनःनिर्माण प्राधिकरण गठन गर्नमा केही विलम्ब भए पनि यसले काम सुरु गरेपछि लगातार छ वर्षमा धेरै महत्वपूर्ण कार्यसम्पन्न गरेको पाइन्छ । यद्यपि प्राधिकरणले आफ्नो अवधि पूरा गरिसकेपछि पनि अधुरा कार्य नेपाल सरकारको सम्बन्धित निकायमार्फत अझै जारी नै छ।

पुनःनिर्माणका मुख्य तीन क्षेत्र थिए-व्यक्तिगत आवास, सम्पदास्थल र सरकारी संरचना। भूकम्पको चपेटामा परी छ लाखभन्दा बढी घर पूर्णक्षतिग्रस्त भएका थिए भने करिब दुई लाख ८५ हजार घर आंशिक क्षति भएका थिए। पूर्णक्षतिग्रस्त घरलाई तोकिएको मापदण्डअनुसार पुनःनिर्माण गराउन सरकारले घरधनीलाई रु तीन लाख अनुदान दिएको थियो भने आंशिक क्षति भएकालाई रु एक लाख। यो अनुदानले पुनःनिर्माणको अभियान चलाउन धेरै ठूलो काम गर्‍यो।

केही नीतिगत अन्योल रहे पनि निजी आवास पुनःनिर्माणमा नेपालको प्रयास धेरै हदमा सफल रहेको भनी स्वदेश र विदेशमासमेत सराहना भएको पाइन्छ । यसको सबैभन्दा महत्वपूर्ण उपलब्धि भनेको पुनःनिर्मित सबै घर भूकम्प सुरक्षा प्रविधि अपनाएर निर्माण गरिनु हो। गाउँ होस् वा सहर पुनःनिर्मित घर पहिलाको दाँजोमा धेरै वैज्ञानिक र भूकम्पीय दृष्टिकोणले सुरक्षित बनेका छन् ।

देशभरमै भवन निर्माण संहिताको महत्व व्यवहारमै स्थापित गराउन सरकार सफल भएको छ । पुनःनिर्मित घरका कोठा अलि साना भए भन्ने गुनासो सुनिन्छ । सुरुमै नीतिगत स्पष्टता भइदिएको भए सायद यो गुनासो आउँदैन थियो। आफ्नो नाममा जग्गाधनी पुर्जा नभएको कारण अनुदान पाउन नसकेका भूकम्पपीडितका गुनासो पनि सुनियो भने रु तीन लाख नगद पाउँदा पनि अशक्तता र परिवारमा सक्रिय उमेरको कोही पनि नभएको कारण घर बनाउन असमर्थ रहेका असहाय पीडित पनि भेटिए। यस्ता विशेष वर्गलाई विशेष व्यवस्था गरेर सुरक्षित आवास उपलब्ध गराउनु राज्यको दायित्व हो ।

गोरखा भूकम्पले सम्पदास्थलमा पनि धेरै क्षति पुर्‍याएको थियो । विश्वसम्पदा सूचीमा ससम्मान सूचीकृत सम्पदास्थल भूकम्पको चपेटामा परे। विशेषगरी काठमाडौं उपत्यकाभित्रका सम्पदास्थलमा धेरै क्षति पुगेको थियो । हनुमानढोका क्षेत्र, स्वयम्भूनाथ क्षेत्र र टोखाका सम्पदामा पूर्ण क्षति भएका थिए भने पशुपतिनाथ क्षेत्रमा विश्वरुप मन्दिरमा पूर्णक्षति र अन्य स्थलमा आंशिक क्षति पुगेको थियो। यसैगरी त्रिपुरेश्वर, पचली, कीर्तिपुर, धर्मस्थली, इचङ्गु आदि स्थानका सम्पदामा केहीमा पूर्ण र धेरैजसोमा आंशिक क्षति पुगेको थियो ।

पूर्णक्षति भएका महत्वपूर्ण ऐतिहासिकस्थलमा धरहरा, रानीपोखरीको बालगोपाल मन्दिर र काष्ठमण्डप पुनःनिर्माणमा धेरैको चासो भएकाले विशेष चर्चित रहे। ललितपुर र भक्तपुरका दरबार क्षेत्रका केही सम्पदामा भूकम्पले गम्भीर क्षति पुर्‍याएको थियो भने धेरै स्थल आंशिक क्षतिमा परेका थिए। उपत्यका बाहिर विशेषगरी सिन्धुपाल्चोक, दोलखा र गोरखाका केही सम्पदा स्थलमा पनि भूकम्पले क्षति पुर्‍याएको थियो। अत्यन्त सिमित साधन र स्रोत भए पनि स्थानीय जनसमुदाय, जनप्रतिनिधि संस्था, पुरातत्व विभाग, पुनःनिर्माण प्राधिकरण र अन्तर्राष्ट्रिय दातृ समुदायको सक्रियतामा अधिकांश सम्पदास्थलको पुनःनिर्माण कार्य पूरा भइसकेको छ भने केही जारी छ। ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा चासो राख्ने स्वदेश र विदेशका सबै व्यक्ति र संस्थाका लागि नेपालले प्राप्त गरेको यो सफलता उत्साहजनक हुन गएको छ।

यसैगरी गोरखा भूकम्पले विद्यालय भवन, स्वास्थ्य उपचार संस्था, सरकारी कार्यालयमा पनि गम्भीर क्षति पुर्‍याएको थियो । भूकम्प प्रभावित विभिन्न जिल्लाका गरी पाँच सय ७५ सामुदायिक विद्यालय र दुई सय १५ निजी विद्यालय भवन पूर्णरूपमा क्षतिग्रस्त भएका थिए। केही कक्षाकोठा मात्र क्षति भएको सङ्ख्या २५ हजारभन्दा बढी छन् । साथै अन्य सरकारी कार्यालय भवनमा दुई हजार छ सय ५६ मा पूर्णक्षति पुगेको थियो भने तीन हजार छ सय २२ मा आंशिक क्षति पुगेको गृहमन्त्रालय, विपद् व्यवस्थापन महाशाखालाई उद्धृत गर्दै विभिन्न सञ्चारमाध्यम र भूकम्पपछि प्रकाशित भूकम्पसम्बन्धी पुस्तकमा उल्लेख गरिएको पाइन्छ।

कतिपय विद्यालय भवन पुनःनिर्माण भई पहिलाकोभन्दा सुविधा सम्पन्न र आकर्षक देखिएका छन् । गाउँ र सहरका यस्ता क्षतिग्रस्त विद्यालय भवन पुनःनिमाण गर्नमा विभिन्न मित्रराष्ट्रहरूले देखाएको सदासयता साँच्ची नै सराहनायोग्य छ। ती विद्यालयका विद्यार्थीका लागि त भूकम्प वरदान नै सावित हुन पुगेको छ। तर ठेकेदारको लापर्वाहीले केही विद्यालय भवनको पुनःनिर्माण अझै पूरा हुन सकेको छैन। यसैगरी स्वास्थ्य संस्था र अन्य सरकारी भवनको पुनःनिमाण केही पूरा भइसकेको छ भने केही निर्माणाधीन अवस्थामा छन् ।

प्रत्येक विपद्ले हरेक व्यक्ति, परिवार, समुदाय र सरकारलाई केही न केही महत्वपूर्ण पाठ सिकाएर जान्छ। पाठ सिकाउनु एउटा कुरा हो, त्यो पाठलाई आत्मसात् गरी आफ्नो कार्यशैलीमा परिवर्तन ल्याउनु र विपद्सँग सामना गर्ने क्षमता अभिवृद्धि गर्नु अर्को कुरा हो। त्यसैले भूकम्पलगायत सबै किसिमका विपद्सँग सामना गर्ने क्षमता विकास गर्न गोरखा भूकम्पले सिकाएको पाठलाई सबै पक्षले आत्मसात् गरी कार्यक्षेत्रमा सक्रिय रहनु नेपालका सम्पूर्ण समुदायको सुरक्षित भविष्यका लागि अपरिहार्य छ। (लेखक वरिष्ठ पत्रकार तथा विपद्सम्बन्धी विज्ञ हुनुहुन्छ) रासस

# मुलुकमा सुशासनको यात्रा आरम्भ भएको छ : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा सुशासनको यात्रा आरम्भ भएको बताउनुभएको छ ।

काठमाण्डुको शङ्खरापुरमा शनिबार आयोजित प्रेस सेन्टर नेपालको १९औँ साधारणसभा तथा २१औँ कृष्ण सेन 'इच्छुक' स्मृति दिवसलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले मुलुकमा बेथिति र विकृतिका विरुद्ध लड्नुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "भ्रष्टाचार र विकृतिका विरुद्धमा जनतामा एउटा नयाँ आन्दोलन, संस्कारको सुरुआत हुन थालेको महसुस हुँदैछ । यो युद्धमा मैले पनि हाम फालेको छु । अपमानित र घेराबन्दी गर्ने काम भइरहे पनि त्यसलाई छिचोल्दै यो भूमिकामा आइएको छ । हामीसित चुनौती र अवसर दुवै छन् ।"

थुप्रै अप्ठ्यारा एवम् जटिलताबाट देश निर्माण हुने उहाँको भनाइ छ । माओवादीले खेलेको भूमिका र आन्दोलनको इतिहासले विकास गरेको नेतृत्वका कारण शनिबार देशको नेतृत्व गर्न सम्भव भएको प्रधानमन्त्री दाहालले बताउनुभयो । विचार, वर्ग, राष्ट्र निर्माणका निम्ति सङ्कल्प लिएर अगाडि बढेको उल्लेख गर्दै उहाँले अब ठूलाठूला एक्सन हुने र त्यसको तरङ्ग पनि ठूलै जाने बताउनुभयो ।

नीति तथा कार्यक्रम पारित गर्नुपर्ने र नागरिकता लगायतका विषयको टुङ्गो लगाउनुपर्ने जिकिर गर्दै प्रधानमन्त्री दाहालले कस्तो जनमत बनाउने भन्ने कुरा प्रेस सेन्टर नेपालको काँधमा रहेको र यसका लागि स्वयम्सेवकका रूपमा नेतृत्वलाई साथ दिन आग्रह गर्नुभयो । उहाँले शङ्खरापुरको विकास गर्न आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

स्व कृष्ण सेन 'इच्छुक'को योगदानको स्मरण गर्दै प्रधानमन्त्री दाहालले सेन बहुआयमिक व्यक्तित्वको धनी र निष्ठावान् व्यक्ति भएको तथा क्रान्तिकारी विचारको पक्षमा रहने एउटा साहित्यिक स्रष्टा नेपाल समाजको प्रेरणाको स्रोत भएको बताउनुभयो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भ्रष्टाचारविरुद्ध अभियान चलाउँदा सरकारमाथि चौतर्फी घेराबन्दी हुन थालेको बताउनुभयो । सरकारले गरेका राम्रा कामलाई जनतासमक्ष पुऱ्याएर सुशासनको अभियानमा सबैले सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

साधारणसभामा प्रेस सेन्टर नेपालका संस्थापक सदस्य, जनप्रतिनिधिमा निर्वाचित सेन्टरका केन्द्रीय सदस्य, घाइते, बेपत्ता, द्वन्द्वपीडित र पत्रकार तथा उत्कृष्ट शाखालाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

**प्रधानमन्त्रीले जेठ १७ गतेदेखि भारतको भ्रमण गर्नुहुने**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यही जेठ १७ देखि २० गतेसम्म (मे ३१ देखि जुन ३ तारिख) छिमेकी मित्र राष्ट्र भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ ।

प्रधानमन्त्री दाहाल भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा सो भ्रमणमा जानलाग्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । उहाँसँग भ्रमणमा नेपाल सरकारका मन्त्री, सचिव र वरिष्ठ अधिकारी सहभागी हुनुहुनेछ ।

भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले भारतका राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखडसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । यसैगरी प्रधानमन्त्री दाहालले जेठ १८ गते भारतका प्रधानमन्त्री मोदीसँग हैदरावाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने मन्त्रालयले जनाएको छ ।

वार्तापछि दुबै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्नुहुने छ । भारतका प्रधानमन्त्री मोदीले नेपालका प्रधानमन्त्री र उहाँको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्नुहुनेछ ।

प्रधानमन्त्री दाहालले नेपाल उद्योग वाणिज्य महासङ्घ र भारतीय उद्योग परिसङ्घले संयुक्तरूपमा आयोजना गर्ने नेपाल-भारत व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्नाका साथै दुवै देशका व्यापारीसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्री दाहालले भारतका लागि नेपाली राजदूत शङ्करप्रसाद शर्माले आयोजना गर्नुहुने स्वागत समारोहमा सहभागी भई भारतमा रहेका नेपाली समुदायसँग पनि कुराकानी गर्नुहुनेछ । उहाँले जेठ २० गते काठमाडौँ फर्कनुअघि मध्यप्रदेशको उज्जैन र इन्दोरको पनि भ्रमण गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्रीका रूपमा दाहालको यो चौथो भारत भ्रमण हो । यस भ्रमणले नेपाल र भारतबीचको सदियौँ पुरानो, बहुआयामिक र सौहार्द्रपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने अपेक्षा गरिएको छ ।

**जलहरीका विषयमा प्रधानमन्त्रीले सदनमा प्रस्ट्याउने**

प्रमुख तीन दलबीच पशुपतिमा राखिएको सुनको जलहरीका सम्बन्धमा सरकारका तर्फबाट सदनलाई प्रस्ट पार्ने सहमति भएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा शनिबार शीर्षनेताबीच भएको छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसद्मा सम्बोधनका क्रममा पशुपतिमा राखिएको सुनको जलहरीका विषयमा प्रस्ट पार्ने सहमति भएको हो ।

जलहरीका सम्बन्धमा संसद्मा प्रकट भएको अभिव्यक्तिलाई संसद्को 'रेकर्ड'बाट हटाउने सहमति भएको बैठकपछि नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरीले जानकारी दिनुभयो ।

बैठकमा प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, नेकपा (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डे, कांग्रेसका प्रमुख सचेतक रमेश लेखक र एमालेका प्रमुख सचेतक गिरी सहभागी हुनुहुन्थ्यो । रासस

# प्रजातन्त्रको सुदृढीकरणमा सबै लाग्नुपर्छ : सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रजातन्त्रको सुदृढीकरणका लागि सबै लाग्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल प्रेस युनियनको ३२औँ स्थापना दिवसका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले प्रजातन्त्रलाई बलियो बनाउनका लागि सबै लाग्नुपर्ने बताउनुभएको हो । प्रजातन्त्रलाई बलियो बनाउन प्रेस युनियनले खेलेको भूमिका सराहनीय रहेको उहाँको भनाइ थियो ।

"प्रजातन्त्रको विकल्प भनेकै प्रजातन्त्र हो, प्रजातन्त्रको खिलापमा केही शक्ति लागेका छन्, यसप्रति सबै सजग हुनुपर्छ", सभापति देउवाले भन्नुभयो । लोकतन्त्रमा प्रेसले गर्ने आलोचनालाई सहन सक्ने क्षमता राख्नुपर्ने उहाँको भनाइ छ ।

नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले लोकतन्त्र र प्रेस एक सिक्काका दुई पाटा भएको बताउनुभयो । "प्रेस स्वतन्त्रताबिना लोकतन्त्रको अस्तित्व रहँदैन, लोकतन्त्र रक्षाका लागि कांग्रेस लाग्नुपर्छ", उहाँले भन्नुभयो । पत्रकार महासङ्घको निर्वाचन र नेपाल प्रेस युनियनको निर्वाचनमा पार्टीका नेताको आड लाग्ने प्रवृत्तिको अन्त्य गर्नु जरुरी रहेको विश्वकर्माले बताउनुभयो । प्रेस युनियनमा व्यावसायिक क्षेत्रलाई प्राथमिकता दिन उहाँले सुझाव दिनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले लोकतन्त्रलाई बलियो बनाउनका लागि कांग्रेसभित्र उत्साह थप्नुपर्ने बताउनुभयो । "नौ महिनासम्म केन्द्रीय समितिको बैठक बस्न सकेको छैन, पार्टीभित्र विभाग गठन भएका छैनन्, यसका कारण पार्टी कमजोर बन्दै गएको छ", उहाँले भन्नुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, पूर्वअध्यक्ष हरिहर विरही, तारानाथ दाहाल, नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष किरण पोखरेल, पूर्वउपाध्यक्ष दामोदरप्रसाद दवाडी, युनियनका संस्थापक नेता शोभाकर पराजुली, नेपाल प्रेस काउन्सिलका सदस्य रामप्रसाद दाहाललगायतले लोकतन्त्रलाई सुदृढ बनाउने दिशामा श्रमजीवी पत्रकारले कलम चलाउनुपर्ने बताउनुभयो । उहाँहरूले सञ्चार क्षेत्र कमजोर भए लोकतन्त्र कमजोर हुने भएकाले लोकतन्त्रलाई बलियो बनाउन नेपाल प्रेस युनियन लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले प्रेस युनियनलाई शुद्धिकरण गर्दै संस्थागत ढङ्गले अगाडि बढाउनका लागि वर्तमान कार्यसमिति लागिपरेको बताउनुभयो । उहाँले युनियनका अधिकांश प्रदेश र जिल्लाको अधिवेशन सम्पन्न भइसकेको उल्लेख गर्दै यसै महिनाभित्र बाँकी जिल्ला र प्रदेशको अधिवेशनसमेत सम्पन्न गरिसक्ने बताउनुभयो ।

अध्यक्ष लम्सालले कांग्रेसले जितेका स्थानीय तह र कांग्रेसको नेतृत्वमा सञ्चालन भएका प्रदेश सरकारले प्रेसमैत्री कानुन निर्माण गर्दैनन् कि भन्ने शङ्का बढेको भन्दै यसमा पार्टीलाई रचनात्मक भूमिका निर्वाह गरिदिन आग्रह गर्नुभयो ।

युनियनका उपाध्यक्ष नकुल अर्यालले लोकतन्त्रप्रति प्रतिबद्ध नेपाल प्रेस युनियनलाई पार्टीको महाधिवेशन प्रतिनिधि बनाउने चलनको अन्त्य हुनुपर्ने धारणा राख्नुभएको थियो । विसं २०४८ जेठ १३ गते स्थापना भएको नेपाल प्रेस युनियनले २०८० साललाई 'प्रशिक्षण वर्ष'का रूपमा अगाडि बढाउन लागेको महासचिव दिलीप पौडेलले जानकारी दिनुभयो । प्रशिक्षण वर्षमा युनियनले देशैभरि पत्रकारको हक, हित र अधिकारका साथै उनीहरूको क्षमता अभिवृद्धि र समाचार लेखन विषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको छ । रासस

# लोकतन्त्रको रक्षाका लागि जनता सजग छन् : प्रथम राष्ट्रपति डा यादव

**सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले संविधानसभाबाट जारी भएको संविधान लोकतन्त्रको मूलबाटो भएकाले दायाँबायाँ नसोची सजग भएर अघि बढ्न आह्वान गर्नुभएको छ । उहाँले नेपाली जनताको लामो सङ्घर्ष र बलिदानबाट प्राप्त समावेशी संविधान र लोकतन्त्रको रक्षाका लागि राजनीतिक दल र जनता सजग रहेकाले गणतन्त्रमा आउनसक्ने जस्तोसुकै चुनौतीलाई सहजरुपमा पार लगाउने विश्वास व्यक्त गर्नुभयो । प्रथम राष्ट्रपति डा यादवले भन्नुभयो, "हामीले अभ्यास गरिरहेको लोकतन्त्र सुन्दर र सही छ, अहिलेको संविधान लोकतन्त्रको मूल बाटो हो । हामी सबै लोकतन्त्रवादी यो मूलबाटोभन्दा बाहिर जान हुन्न । सजग भएर हिँड्नुपर्छ ।" मुलुकमा १० वर्षे लामो सशस्त्र विद्रोह अन्त्य गर्न तत्कालीन सात राजनीतिक दल र नेकपा (माओवादी)बीच विसं २०६३ मङ्सिर ५ गते विस्तृत शान्तिसम्झौता भएको थियो । शान्ति सम्झौताअनुरुप संविधानसभाको निर्वाचन र तत्कालका लागि अन्तरिम संविधान जारी गर्दै द्वन्द्व व्यवस्थापन गर्न दुवै पक्ष सहमत भए । उक्त सहमतिअनुसार, विसं २०६४ चैत २८ गते ऐतिहासिक संविधानसभाको निर्वाचन भयो भने विसं २०६५ जेठ १५ गते संविधानसभाको प्रथम बैठकले दुई सय ४० वर्षदेखि कायम रहेको शाह वंशीय राजतन्त्र अन्त्य गर्दै गणतन्त्र घोषणा गऱ्यो । राजतन्त्र अन्त्यको घोषणापछि भएको राष्ट्रपति निर्वाचनमा नेपालको लोकतान्त्रिक आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउनुभएका तराई–मधेसमा मध्यमवर्गीय परिवारमा जन्मनुभएका डा रामवरण यादव नेपालको प्रथम राष्ट्रपतिमा निर्वाचित हुनुभयो । उहाँले मुलुकको अभिभावक र नागरिक समाजको अगुवाको भूमिकामा रही संविधान र सङ्घीयता कार्यान्वयनलगायत देशमा भइरहेका घटना तथा परिघटनालाई नजिकबाट नियाल्दै आउनुभएको छ । मुलुकका जल्दाबल्दा विषयवस्तु र घटनाक्रममा केन्द्रित रही गणतन्त्र दिवसका अवसरमा उहाँसँग गरिएको कुराकानीको सम्पादित अंश :**

**प्र. अहिले यहाँको दिनचर्या कसरी अघि बढिरहेको छ ?**

- उम्मेरका कारण हुने रोग र समस्याले चुनौती खडा गर्छ । राष्ट्रपतिको जिम्मेवारीबाट अलग भएको केही महिनामै बिरामी परे । त्यसको उपचार भयो । त्यो अहिले ठीक छ । दिनचर्याको रुटिन छ । तापनि पेटको रोग, मधुमेह, उच्च रक्तचाप छ । बिहान उठेर ५ बजेदेखि हिँड्छु, शारीरिक व्यायाम गर्छु । खाना खान्छु । औषधि खान्छु । समाजका विभिन्न क्षेत्रका मानिससँग भेटघाट हुन्छ । देशको समसामयिक विषयमा कुराकानी हुन्छ । समय पाएँ भने किताब पढछु । यसरी नै बितिरहेको छ, जीवन ।

**प्र. मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश भएपछि डेढ दशकको अवधिमा भएको अभ्यासलाई कसरी हेर्नुभएको छ ?**

- जनताका हकअधिकारको लडाईंको इतिहास लामो छ । विसं २००७, २०४६ र ०६२/६३ को परिवर्तनपछि र लामो सङ्क्रमणपछि संविधानसभाबाट संविधान बनाएर अहिले अघि बढिरहेका छौँ, यो सुखद पक्ष हो । सकारात्मक पक्ष भनेको सङ्घ, प्रदेश र स्थानीय तहको दुई पटक चुनाव भए । नियम, कानुनअनुसार शक्तिको बाँडफाँट क्रमशः संस्थागत भइरहेको छ । संविधानको मर्म र भावनाअनुसार स्थानीय तहलगायत तीन तहमै समानुपातिक र समावेशी सिद्धान्तअनुरुप प्रतिनिधित्व भएको छ । देशमा हिमाल, पहाड र तराई भएजस्तो धर्म, जातजाति र समुदायको विविधता छ, लोकतन्त्रमा सबैलाई समेटेर जाने सकारात्मक पक्ष हो । तथापी केही कुरा व्यवस्थित भएको छैन, आर्थिक अनुशासन कायम हुन सकेको छैन । जनतालाई लोकतन्त्रमा खेल्न दिनुपर्छ, अहिले हामीले बनाएको संविधान लोकतन्त्रको मूल बाटो हो । जनताको आर्शिवादले राजनीतिक दलले बुद्धि पुऱ्याए एउटा संविधान बनाए यो सुखद पक्ष हो । अहिलेको अभ्यासमा सबैखाले शक्तिले आत्मसात गरिसकेको छ । जनता शिक्षित भइसकेका छन्, सजग छन् । संसद्बाट कानुन तथा केन्द्रीय सरकारले स्थानीय तहमा कर्मचारी दिनुपर्छ । मुख्य राजनीतिक दलले संविधान पूर्ण लागू गर्ने विषयमा विशेष ध्यान पुऱ्याउनुपर्छ । चुनावमा विकृति छ धेरै खर्च भइरहेको छ । अभ्यास गर्दै देखिएका कमीकमजोरलाई सच्याउँदै अघि जानुपर्छ । कुनै पनि संविधानको सफलता कार्यान्वयन गर्ने व्यक्तिमा भरपर्छ । नेपालको संविधान लोकतान्त्रिक, गणतान्त्रिक, समावेशी र समानुपातिक भएकाले यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी राजनीतिक दलको हो भने त्यसको अभ्यासबारे नागरिक समाजले खबरदारी गर्नुपर्छ ।

**प्र. गणतन्त्रलाई थप सुदृढ तुल्याउन समाजका क–कसको थप मुख्य भूमिका आवश्यक पर्छ ?**

- संसदीय प्रणालीमा कार्यपालिका, न्यायपालिका र विधायिका शक्ति पृथकीकरणका आधारमा हुन्छ । सरकार कानुन विधि प्रक्रियाअनुरुप काम गर्दै संसद् प्रति उत्तरदायी हुनुपर्छ । बेलायतमा हेर्नुभयो भने जति समस्या पर्छ त्यो सबै संसद्ले हल गर्छ । नेपालमा पार्लियामेन्टलाई जहिले पनि अवरोध गर्ने प्रयास गरिन्छ । संसदीय प्रणालीमा जनता सार्वभौम हुन्छन् । जनप्रतिनिधिले नै मुलुकको समस्या समाधान गर्नुपर्छ भन्ने मान्यता हो । सरकार जहिले पनि संसद्प्रति उत्तरदायी हुनुपर्छ । अहिले नयाँ संसद् छ, पहिलेभन्दा भाइब्रेन्ट छलफल भइरहेको छ । त्यहाँको छलफल र बहसले जनता शिक्षित हुन्छन्, सुधारको ठाउँ पनि रहन्छ । छलफल र बादविवादले नै विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउँछ । साथै अदालतलाई स्वतन्त्र र निष्पक्ष भएर काम गर्न दिनुपर्छ । तीनवटै निकायको आ-आफ्नो कार्यक्षेत्र र परिधि छ । सबैले सीमाभित्र बसेर कार्यजिम्मेवारी पूरा गर्नुपर्छ । राज्यलाई क्षमता बाहन व्यक्ति छनोट गरिनुपर्नेमा भागबण्डमा छान्ने प्रवृत्ति विकृति हो । यस्ता गतिविधि संसदीय व्यवस्थामा जनताको दबाबले सुधार हुँदै जान्छ ।

**प्र. मुलुकमा गणतन्त्र स्थापना अघि र पछिको समयलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

- गणतन्त्र स्थापनापछि समाजका विभिन्न जातजाति समुदाय र क्षेत्रबाट हुने प्रतिनिधित्वमा तुलनात्मक सुधार भएको छ । सङ्घीयतालाई खर्चिलो भयोभन्दा पनि व्यवस्थित र राम्रो बनाएर लैजानुपर्छ भन्ने जिम्मेवारी सरकार र राजनीतिक दलको छ । चुनाव खर्चिलो छ, यसले योगदान पुऱ्याएका असल मान्छे आउन सकेका छैनन् । त्यस्ता विकृति हटाउनुपर्छ । अहिले अर्थतन्त्र कमजोर छ, देश सुन्दर भए पनि हामीले कृषिलाई प्राथमिकता, पर्यटन र औद्योगिक क्षेत्रको विकास र विस्तार गर्न सकेनौँ । अर्थतन्त्र रेमिटेन्सबाट मात्र धान्ने अवस्था हुनु भनेको कहीँ गल्ती भएको छ भन्ने हो । यस्ता विषयमा समाजका विभिन्न क्षेत्रका विज्ञसँग बहस गरी समाधानका उपाय खोज्नुपर्छ । देशको एकता र अखण्डतालाई कायम गर्दै छिमेकीसँगको सम्बन्धलाई विस्तार गर्नुपर्छ ।



**प्र. गणतन्त्र स्थापनापछि सामान्य जनताका सेवासुविधा र हकअधिकारको पाटोलाई कसरी नियाल्नुभएको छ ?**

- गणतन्त्र स्थापना र नेपालको संविधान जारीपछिलगत्तै मुलुकमा विभिन्न चुनौती आइपरे । यसबीचमा कोभिड महामारी, महाभूकम्पजस्ता विपत्ति झेल्नुपऱ्यो । अन्तर्राष्ट्रियरुपमा पनि देशदेशबीच लडाईं, महँगी भइरहेको छ । त्यसले संसारमै गरिबी बढेको छ । यस्तो अवस्थामा सामान्य जीवनयापनमा कठिनाइ छ । तथापी, सडक, प्रविधि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चारका क्षेत्रमा ठूलो परिवर्तन भएको छ । लोकतान्त्रिक व्यवस्थामा जनताको बोल्न पाउने अधिकार हो । अहिले पनि दलीत र पछि परेको वर्ग समुदायलाई सबै क्षेत्रमा समेट्न नसके पनि सबैका आवाज सम्बोधान गर्न कानुन भने निर्माण भएका छन् । तीन तहको सरकारको मुख्य जिम्मेवारी भनेको जनताका समस्या र मागलाई सम्बोधन गर्नु नै हो । आशा गरेअनुरुप नभए पनि केही काम अघि बढेको छ । लोकतान्त्रिक प्रणाली र पद्धतिमा विस्तारै परिणाम प्राप्त हुन्छ ।

**प्र. मुलुकको जिम्मेवार पदमा रहेका व्यक्ति नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका र उनीहरुको अनुसन्धान जारी भइरहेकै बेला मुलुकको पश्चिमी क्षेत्रमा अभिनन्दन कार्यक्रम भएको घटनालाई कसरी हेर्नुहुन्छ ?**

- देशका कानुन निर्माण र लागू गर्ने ठाउँमा बस्नेबाटै विकृति देखियो, यसले मुलुकका अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि बिग्रियो । गलत मान्छेका कारण राज्य पद्धतिमा यस्ता घटना कहिलेकाहीँ हुन्छन् । त्यसलाई विधानअनुसार कारबाही गरिनुपर्छ । जनप्रतिनिधिले इमान्दारपूर्वक काम गरे/नगरेको जनताले खबरदारी गरिरहेको हुन्छ, यही हो नै लोकतन्त्र हो । देशभर र काठमाडौँका सडक विरोध अनि मिडियामा हेर्नुस् त त्यसबारे कति लेखिएको छ । त्यस्ता घटना भएपछि जो कोही भए पनि अनुसन्धान गर्न बाधा पुऱ्याउन हुन्न । बाधा पुऱ्याउन खोजियो भने जनताले गर्ने खबरदारीले त्यसमा दबाब पर्छ, छिटो अनि शतप्रतिशत कारबाहीमा परुन् भन्ने जनताको चाहना हुन्छ तर ९० प्रतिशत भयो भने पनि हामीले त्यसलाई सकारात्मकरुपमा लिनुपर्छ । बाँकीको त त्यसै सातो गइहाल्छ नि । विस्तारै नतिजा हासिल हुने लोकतन्त्रको पद्दती नै हो । अब रह्यो अभिनन्दनको कुरा संसारमा परम्परावादी शक्ति अहिले पनि छन् । उदाहरणका लागि जर्मनीमा हिटलरका कार्यकर्ता अझै पनि सलमलाएकै देखिन्छ । अमेरिकामै पनि लोकतन्त्रको ठूलो इतिहास अर्थात् भाइब्रेन्ट डेमोक्रेसी छ, तर पनि कहिलेकाहीँ कस्ताकस्ता मान्छे चुनिन्छन् देखिरहेकै छौँ । कुनै मुलुकमा कहिले धार्मिक कुरा उठाएर त्यस्ता शक्तिले जनतालाई दिग्भ्रमित तुल्याउन खोज्छन् । यस्ता कुरा आए, भए भनेर आत्तिन हुन्न घरबराउनु हुन्न । हतियार उठाएर देशै विभाजन गर्छु भन्ने शक्तिसमेत लोकतन्त्रको अभ्यासमा आइसकेको अवस्थामा केही कतै पुराना अतिवादी शक्तिलाई धेरै महत्व दिएर चर्चामा ल्याउनुको कुनै औचित्य छैन । जनता धेरै शिक्षित भइसकेका छन् । लोकतान्त्रिक प्रणालीमा राजनीतिक दलले इमान्दारीकासाथ काम गर्नुपर्छ । अरु विषयमा धेरै चिन्ता लिनुपर्दैन ।

**प्र. पछिल्ला समय सङ्घीयता अर्थात् प्रदेशसँग जोडेर अलि खर्चिलो भयो, मुलुकले धान्न सक्दैन कि भन्ने पाटोबाट प्रश्न उठाइएको छ, यसलाई यहाँले कसरी हेर्नुभएको छ ?**

-हाम्रो विविधतालाई समेटेर एकता कायम गर्न सङ्घीयता ल्याइएको हो । अभ्यास गरेको भर्खर आठ वर्ष भएकाले सङ्घीयताबारे अहिले नै सफल असफल भनेर मूल्याङ्कन गर्ने बेला भएको छैन । सफलतातर्फ लैजान नै हामी सबैको प्रयास हुनुपर्छ । तीन तहका लागि चाहिने आवश्यक कानुन निर्माण गर्नुपऱ्यो । समाञ्जस्यता हुनुपऱ्यो । विकृतिलाई कम तुल्याउँदै गइयो भने खर्चिलो भए पनि जनताको हितमा रहेकाले उनीहरुले ग्रहण गरेकै छन् । हिमाल, पहाड, तराई र दूरदराजमा जहाँ गए पनि जनताले सङ्घीयताको अभ्यासलाई कही कतै प्रश्न उठाएको देखिन्न । कार्यान्वयन गर्न संविधानअनुरुप के-कस्ता कानुन बनाउनपर्ने हो, त्यसतर्फ बढी ध्यान दिनुपर्छ ।

**प्र. गणतन्त्र, लोकतन्त्र र सङ्घीयताको अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा भइरहेको अभ्यासलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

- संसारका हरेक विषयमा सकारात्मक र नकारात्मक पाटो दुबै हुन्छ । २१औँ शताब्दीमा संसारका घटना र परिघटनाको अनुभव लिएर हामी अघि बढिरहेका छौँ । यो व्यवस्थाको विकल्प छैन । लोकतन्त्रपछि कुन शासन पद्धति ल्याउने त ! विगतका आन्दोलन सफल भएर नै लोकतन्त्र र गणतन्त्र ल्याएका छौँ । संसारका सभ्य समाज र देशले अवलम्बन गरेको लोकतान्त्रिक प्रणालीमा हामी छौँ । लोकतन्त्रको विकल्प भनेको सुधारसहितको लोकतन्त्र मात्रै हो । अझै समावेशी भने गर्न सकिन्छ । हामीले ल्याएको लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय व्यवस्था हो, यो समावेशी र समानुपातिक छ, यसमा सबै धर्म, समुदाय र वर्ग समेटिको छ । यो ठूलो कुरा हो, यो उन्नत पनि छ । मुलुक चलाउने मुख्य जिम्मेवारीमा रहने कार्यकारी प्रमुख प्रधानमन्त्रीले यो व्यवस्थालाई बलियो तुल्याउने र अभ्यासमा लैजान अत्यन्त जरुरी छ, त्यो प्रभावकारी भइरहेको महसुस भएन । सरकारको नेतृत्वले इमान्दारीपूर्वक सही व्यक्तिको छनोट गर्नुको सट्टा शिक्षा, स्वास्थ्य, प्रशासनमा राम्रोभन्दा आफ्नो मान्छे छान्ने प्रवृत्ति छ, त्यस्तो विकृतिलाई हटाउनुपर्छ ।

**प्र. यो राजनीतिक प्रणालीलाई स्थापित गर्ने तथा लोकतन्त्रलाई सुदृढ तुल्याउने सन्दर्भमा राष्ट्रपतिको भूमिका कस्तो रहन्छ ?**

- संविधानको रक्षक, पालक, एकताको प्रतिक र देशको अभिभावककारुपमा राष्ट्रपतिलाई लिइएको छ । राष्ट्रपतिको जिम्मेवारी यसअघि दुई जनालाई सम्हाल्ने अवसर प्राप्त भयो । सङ्क्रमणकाल रहेकाले संविधानको परिधिभित्र रही मैले आफ्नो क्षमताअनुसार काम गरे । तत्कालीन अवस्थामा रहेको शान्ति प्रक्रिया र सङ्क्रमणकालको अवस्थामा लोकतन्त्रलाई जोगाउन भूमिका निर्वाह गरे भन्ने लाग्छ । त्यसपछि राजनीति दलले एउटा साझा प्रधानमन्त्री दिन नसक्ने अनि अदालतले संविधानसभाको समयसीमा तोक्ने जस्ता काम भए । दलले पनि संविधान बनाएर दिन नसक्ने अवस्था भयो । राजनीतिक दलको त्यो कमजोरी राष्ट्रपति संस्थामा ठोकियो । त्यसपछि प्रधानन्यायाधीशलाई चुनाव गराउने जिम्मेवारी दिनुपऱ्यो । साधन नराम्रो भए पनि साध्य अर्थात् गन्तव्य ठीक हुन्छ भनी जोखिम लिएर अप्ठ्यारो परिस्थितिमा प्रधानन्यायाधीशलाई जिम्मेवारी दिएर चुनाव गराइयो । जनसहभागिता राम्रो रह्यो । त्यसपछि सबै शक्ति एकै ठाँउमा उभिएर संविधान जारी गर्ने वातावरण बन्यो, के त्यो सुखद पक्ष होइन र ! अर्को राष्ट्रपतिको समयसम्म आइपुग्दा समय बेग्लै र जनता धेरै शिक्षित र जानकार भइरहेको अवस्था रह्यो । अहिले रामचन्द्रजी भर्खर राष्ट्रपति हुनुभएको छ, उहाँको लामो राजनीतिक सङ्घर्षको इतिहास छ, सविधानको रक्षाका लागि चनाखो भएर बस्नुपर्छ, त्यो सजगता गर्नुहुने विश्वास छ ।

**प्र. पूर्व राष्ट्रपति मुलुकको प्रतिष्ठित चिकित्सक भएकाले सरकारी अस्पतालमा गएर स्वास्थ्यको पाटोबाट जनतालाई सेवा गर्नु उपयुक्त हुन्छ कि भन्ने जनताको सुझाव छ, यसमा यहाँको दृष्टिकोण के छ ?**

- मप्रतिको सुझाव, जनताको सही चाहना हो । वास्तविकरुपमा भन्नुपर्दा राष्ट्रपतिको जिम्मेवारीबाट बाहिरिएपछि बिरामी परेँ । शल्यक्रिया गर्न पऱ्यो, लामो नियमित उपचारमा रहनु पऱ्यो । केही वर्ष त्यसैमा बित्यो । अहिले पेटको रोग छ, समयमा खाने, सुत्ने, ढाड र गोडाको व्यायाम गर्नेजस्ता नियमित गर्नुपर्छ । शरीरले काम गर्न दिइरहेको छैन, इच्छा भएर पनि यो अवस्थामा मैले बिरामीलाई न्याय गर्न सक्दिन । बिरामीप्रति न्याय गर्न सकिने भने त्यो देखावटी मात्र हुन्छ । स्वास्थ्य ठीक रहेका बेला १२ घन्टासम्म नियमित काम गरेको कुरा जो कोही जनकपुरवासीलाई सोधे हुन्छ । जनताको चाहनालाई सम्मान गर्छु ।

# मलाई अझ परिश्रम गर्ने ऊर्जा प्राप्त भएको छ : मोदी

**एएनआई**

नयाँदिल्ली।प्रधानमन्त्रीनरेन्द्र मोदीले भारतीय नागरिकबाट प्रास्त स्नेह र सदुभावले राष्ट्रका निम्ति अझ परिश्रम गर्ने ऊर्जा प्रान्त भएको बताउनुभएको छ। भारतको प्रधानमन्त्रीका रूपमा आफ्नो नौ वर्ष पूरा भएको अवसरमा उहाँले जनताबाट प्राप्त प्रतिक्रियाप्रति कृतज्ञता व्यक्त गर्दै त्यसो भन्नुभएको हो।

बिहानैदेखि हाम्रो सरकारको बारेमा गरिएको प्रशंसा आफ्ना लागि स्नेह भएको र त्यसले आफूलाई ऊर्जा दिएको उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ। प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतीय जनता पार्टीको सरकारले यही जेठ १६



गते दुई कार्यकालको नौ वर्ष पूरा गर्दैछ। यस अवसरमा भारतीय जनता पार्टीले सोही दिनदेखि एक महिनासम्म देशभर ५० स्थानमा विशेष सभा एवम् ऱ्याली गर्नेछ। केही कार्यक्रमलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नुहुनेछ।

भारतीय जनता पार्टीका अनुसार ती सभा तथा ऱ्यालीलाई आगामी लोकसभा चुनावको तयारीमा केन्द्रित हुनेछन्। लोकसभा निर्वाचन करिब एक वर्षपछि हुँदैछ। सबैभन्दा ठूलो ऱ्याली राजस्थानको अजमेरमा हुनेछ जसलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नुहुनेछ।

विशेष सभा र ऱ्यालीमा भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र अन्य शीर्ष नेता सहभागी हुनेछन्। नरेन्द्र मोदीले सन् २०१४ को मे २६ मा पहिलो पटक प्रधानमन्त्रीको सपथ लिनुभएको थियोभने उहाँले सन् २०१९ को मे ३० मा दोस्रो कार्यकालको शपथ लिएर भारतको सरकार प्रमुखका रूपमा शासन सञ्चालन गर्नुभएको थियो।

# विस्फोटक उपकरणबाट एक बालकको मृत्यु, अर्का घाइते

**सिन्ह्वा**

मैदान शार। अफगानिस्तानको पूर्वीवर्दक प्रान्तमा विगतका युद्धबाट बाँकी रहेका विस्फोटक पदार्थ विस्फोट हुँदा एक बालकको ज्यान गएको छ भने अर्का एक जना घाइते भएका छन्।

विज्ञप्तिमा भनिएको छ, 'सैद अबाद जिल्लाको शनिजदरा गाउँमा शुक्रबार बालबालिकाले खेलौना जस्तो यन्त्र फेला पारेको र त्यो खेलाउँदा विस्फोट भएको थियो। त्यसक्रममा एक बालकको घटनास्थलमै मृत्यु भएको छ भने अर्का गम्भीर घाइते भएका छन्।

यसरी द्वन्द्वग्रस्त मुलुकमा निर्दोष बालबालिकाको ज्यान गएको यो दोस्रो घटना हो। अघिल्लो यस्तै प्रकारको घटनामा मे २३ मा अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा भएको थियो।

सो घटनामा विगतका युद्धबाट बाँकी रहेको खानी बिस्फोट हुँदा एक बालकको मृत्यु भएको थियो र दुई जना घाइते भएका थिए।

अ प ↄ ग ा ि न स् त ा न विश्वव्यापीरूपमा सबैभन्दा धेरै खानी प्रदूषित देशमध्ये एक मानिएको छ। विगत चार दशकका विभिन्न किसिमका युद्ध र गृहयुद्धबाट बाँकी रहेका विस्फोटन नगरिएका हतियारको विस्फोटका कारण हरेक महिना जसो दर्जनौं मानिस, प्रायःबालबालिका मारिने र अपाङ्ग हुने गरेका छन्।

# सर्लाहीमा फुटबल ग्रासरुट प्रशिक्षण

सर्लाही। सर्लाहीको ईश्वरपुर नगरपालिका-६ मा ईश्वरपुर ग्रासरुट फुटबल प्रशिक्षण कार्यक्रम सुरु गरिएको छ। जिल्लाका २० स्थानीय तहमध्ये ईश्वरपुर नगरपालिकाले पहिलो पटक ग्रासरुट फुटबल प्रशिक्षण कार्यक्रम आयोजना गरेको हो।

नगरप्रमुख मनोजकुमार आचार्यले खेलकुदका माध्यमबाट विश्वमा पहिचान बनाउन सकिने भएकाले खेलकुदको विकास गर्दै खेलाडीको मनोबल बढाउन तथा उनीहरूको भविष्य सुनिश्चित गराउन खेल क्षेत्रमा सरकारले लगानी गर्नुपर्छ भन्ने सन्देश दिनका लागि प्रशिक्षण कार्यक्रम सुरु गरिएको जानकारी दिनुभयो।

शारीरिक स्वस्थ्य, तन्दुरुस्ती र पहिचानका लागि नगरभित्र खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ फुटबल प्रशिक्षणको आयोजना गरिएकोनगर उपप्रमुख रन्जितादेवी चौधरीले बताउनुभयो। नगर भित्रका सामुदायिक विद्यालयमा ग्रासरुट फुटबल प्रशिक्षण कार्यक्रम चलिरहेको बताउँदै यहाँका फुटबल खेलाडीलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराउने उद्देश्यले प्रशिक्षण कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो।

सर्लाही फुटबलको उर्वर भूमि रहेकाले यस प्रकारका कार्यक्रमबाट राष्ट्रिय स्तरका फुटबल खेलाडी उत्पादन गर्न सकिने अपेक्षा गरिएको जिल्ला फुटबल सङ्घका महासचिव शिवहरि गौतमले बताउनुभयो। रासस

# खसेको फोन निकाल्न जलाशय सुकाउने कर्मचारी भारतमा निलम्बित



**बीबीसी**

नयाँ दिल्ली। भारतमा एउटा खसेको फोन निकाल्नका लागि एउटा जलाशयको सम्पूर्ण पानी बाहिर निकाल्न आदेश दिएका एक जना सरकारी अधिकारी निलम्बित भएका छन्। सेल्फी लिइरहेको समयमा राजेश विश्वासले उक्त फोन खसालेका थिए। उक्त बाँधबाट दशौं लाख लिटर पानी बाहिर पठाउन तीन दिन लागेको थियो।

जब त्यो फोन फेला पऱ्यो पानी पसेका कारण त्यो काम नगर्ने अवस्थामा पुगिसकेको थियो। विश्वासले त्यसमा संवेदनशील सरकारी तथ्याङ्क रहेको र त्यसलाई जोगाउनुपर्ने कारण आफूले त्यस्तो गरेको बताएका छन्। तर उनीमाथि पदको दुरुपयोग गरेको आरोप लागेको छ।

खाद्य निरीक्षक विश्वासले झन्डै १,६०,००० रुपियाँ बराबरको सामसुङ कम्पनीको मोबाइल फोन मध्य भारतको छत्तीसगढ राज्यमा अवस्थित खेरकट्टा बाँधमा आइतवार खसालेका थिए।

**घटना के हो?**

स्थानीय गोताखोरहरूले त्यसलाई फेला पार्न नसकेपछि आफूले शुल्क तिरेर एउटा डिजेल पम्प झिकाएको उनले निकालेको भिडिओ सन्देशलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

विश्वासले एक जना अधिकारीले 'नजिकैको नहरमा जलाशयबाट केही पानी पठाउने गरी' मौखिक रूपमा अनुमति दिएको उल्लेख गर्दै 'त्यसले किसानहरूलाई थप पानी उपलब्ध गराएर फाइदा पुऱ्याउने' पनि जिकिर गरेका छन्।

तर उक्त पम्पले कैयौं दिन पानी बाहिर फ्यालेको थियो। त्यसरी जलाशयबाट निकालिएको झन्डै २० लाख लिटर पानीबाट ६०० हेक्टर खेतमा सिँचाइ गर्न मिल्ने बताइन्छ।

त र उजुरीपछि जलस्रोत विभागका अर्का अधिकारी आएपछि उक्त काम रोक्न लगाइएको थियो।

"छानबिन नसकिएसम्म उनलाई निलम्बित गरिएको छ। पानी अत्यावश्यक स्रोत हो र यसको त्यसरी दुरुपयोग गर्न मिल्दैन," कांकेर जिल्लाकी अधिकारी प्रियङ्का शुक्लाले द न्याश्नल समाचारपत्रसँग भनेकी छन्।

विश्वासले आफूले पदको दुरुपयोग नगरेको भन्दै बाँध भरिएर पानी जम्मा भएको क्षेत्रको पानी बाहिर निकालिएको बताएका छन्। उनले त्यहाँको पानी 'प्रयोग गर्न नमिल्ने अवस्थाको भएको' पनि जिकिर गरेका छन्।

तर उनको कदमको राजनीतिज्ञहरूले पनि आलोचना गरेका छन्। उक्त राज्यमा प्रतिपक्षमा रहेको भारतीय जनता पार्टीका राष्ट्रिय उपाध्यक्षले "चर्को गर्मीमा जति बेला मानिसहरू पानीका लागि ट्याङ्करको सेवामा निर्भर रहँदा" ती अधिकारीले ठूलो परिमाणमा पानी खेर फलेको ट्वि्टरमा लेखेकी छन्।

# ट्विटरले ईयु डिसइनफरमेसन कोड छोड्दै

**एएफपी**

ब्रसेल्स। ट्विटरले युरोपेली सङ्घको डिसइनफरमेसन कोड छोड्ने निर्णय गरेको छ। एक स्वैच्छिक सम्झौताअनुसार प्रमुख सामाजिक प्लेटफर्म एकसाथ समूह बनाउँदा यसका दायित्व रहन्छन् र त्यसको पालना हुनुपर्छ, ईयु उद्योग आयुक्त थियरी ब्रेटनले शनिबार ट्वीटमा उल्लेख गरेका छन्।


सन् २०१८ मा शुरु गरिएको ईयुको डिसइन्फर्मेसनको अभ्यास कोडले मेटा, गुगल, ट्विटर, माइक्रोसफ्ट र टिकटकजस्ता क सामाजिक सञ्जालसहित लगभग तीन दर्जन हस्ताक्षरकर्तालाई समावेश गरेको थियो।

त्यसबेला कोड प्रयोगकर्ताले तथ्य-जाँचकर्तासँग विकृति वितरण गर्ने संरचनालाई बढावा नगर्ने जस्ता तीन दर्जनभन्दा बढी प्रतिज्ञा गरेका थिए। आफूले प्रतिज्ञा गरेका कुराको पालना गर्नु आवश्यक हुन्छ तर एलन मस्कले ट्वीटरको स्वामित्व लिएपछि प्रतिज्ञाको पालनामा अनुदार रहेका पाइन्छन्।

युरोपेली आयोगका एक अधिकारीले शुक्रबार एएफपीलाई भनेका थिए, 'यदि (एलोन मस्क)ले कोडलाई गम्भीरतापूर्वक लिएनन् भने उनले राजीनामा दिनु राम्रो हुन्छ।'

# मुम्बईलाई हराउँदै गुजरात आईपिएलको फाइनलमा

**एजेन्सी**



काठमाण्डु। पाँच पटकको च्याम्पियन मुम्बई इन्डियन्सलाई हराउँदै गुजरात टाइटन्स आईपिएलको उपाधि नजिक पुगेको छ। आईपिएलको दोस्रो क्वालिफायर खेलमा शुभमन गिलको तुफानी शतक र मोहित शर्माको बलियो बलिङमा गुजरात टाइटन्सले मुम्बई इन्डियन्सलाई ६२ रनले हराउँदै फाइनलमा स्थान बनाएको हो।

पहिले ब्याटिङ गर्दै गुजरात टाइटन्सले दिएको २३४ रनको लक्ष्य पछ्याएको मुम्बई इन्डियन्स १८.२ ओभरमा अलआउट हुँदै १७१ रन मात्र बनाउन सक्यो। उसका लागि सूर्यकुमार यादवले सर्वाधिक ६१ रन बनाए। तिलब बर्माले बिस्फोटक ब्याटिङ गर्दै १४ बलमा ४३ रन बनाउँदा क्यामरून ग्रिनले ३० रन जोडे। अन्य कुनै पनि ब्याट्समेनले दोहोरो अंकमा रन बनाउन सकेनन्।

खराब सुरूआत गरेको मुम्बईको इनिङ्सले पहिलो ओभरमा नै नेहल वडेरा मात्र चार रन बनाएर आउट भए। तेस्रो ओभरमा कप्तान रोहित शर्मा पनि व्यक्तिगत ८ रनमा आउट भए। यसपछि मैदानमा आएका तिलक वर्माले १४ बल खेल्दै ५ चौका र ३ छक्कासहित ४३ रन बनाएर पावरप्लेको अन्तिम बलमा राशिद खानबाट बोल्ड भए।

तिलक वर्माले सूर्यकुमार यादवसँग तेस्रो विकेटका लागि ५१ रनको साझेदारीसमेत गरेका थिए। यसपछि क्यामरून ग्रीनले चौथो विकेटका लागि सूर्यकुमार यादवसँग अर्धशतकीय साझेदारी गर्दै जितको आशा जिवितै राखे।

क्यामरुन ग्रीनले २० बलमा ३० रनको इनिङ खेले। यस्तै, खेलको १५ औं ओभरमा आउट हुनुअघि सूर्यकुमार यादवले ३८ बलमा ६१ रनको इनिङ खेले। मुम्बई इन्डियन्सको टोली १८.२ ओभरमा १७१ रनमा अल आउट हुँदै सातौं पटक फाइनल खेल्ने मौका गुमायो। मुम्बई इन्डियन्सले यसअघि ६ पटक फाइनल खेल्दा ५ पटक उपाधि जितेर प्रतियोगिताकै सर्वाधिक सफल टोली भएको छ।

गुजरात टाइटन्सका लागि मोहित शर्माले उत्कृष्ट बलिङ गर्दै मुम्बई इन्डियन्सको ५ विकेट लिए। मोहम्मद शामी र राशिद खानले पनि २-२ विकेट लिए। यसअघि अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको गुजरात टाइटन्सले शुभमन गिलको शतकमा निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै २३३ रन बनाएको थियो।

यो आईपिएलको प्लेअफ खेलमा बनाएको सबैभन्दा ठूलो लक्ष्यको कीर्तिमानसमेत हो।

शुभमन गिलले मात्र ६० बलमा १० छक्का र ७ चौकासहित १२९ रनको बलियो इनिङ खेले। साही शुदर्शनले ४३ रन बनाउँदा कप्तान हार्दिक पाण्ड्याले २८ रन जोडे। ऋदिमान साह १८ रनमा आउट भएका थिए।

मुम्बईका आकाश माडवाल र पियुल चावलाले १-१ विकेट लिए। योसँगै गुजरात टाइटन्सको टोली लगातार दोस्रो वर्ष आईपिएलको फाइनलमा पुगेको छ। अब आइतबार अहमदाबादमा हुने फाइनलमा गुजरात टाइटन्स र चेन्नई सुपर किंग्स भिड्नेछन्।

# एक महिनामा नौ हजारभन्दा बढी अफगानहरूद्वारा ईयुमा शरणका लागि आवेदन

**एएनआई**

काबुल। युरोपेली जनगणना ब्युरोले जनाएअनुसार गत महिनामा नौ हजार भन्दा बढी अफगान नागरिकहरूले ईयु सदस्य राष्ट्रहरूमा शरणका लागि आवेदन दिएका छन्। खामा प्रेस अनुसार यसरी शरण आवेदनहरू दिने एकै महिनाको यो आकँडा उच्च हो।

युरोपेली जनगणना ब्युरोका अनुसार चालु वर्षको शुरुमा युरोपेली संघका सदस्य राष्ट्रहरूमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशतले बढेको छ। बिहीबार मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्युरोले फेब्रुअरीमा मात्रै ७६ हजार ५०० व्यक्तिले ईयुमा शरणका लागि आवेदन बुझाएका छन्। यो सऽ्या गत वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भएको देखिएको छ। उपलब्ध तथ्याङ्कका आधारमा गत वर्षको फेब्रुअरीमा शरणका लागि आवेदन दिनेको प्रारम्भिक सऽ्या ५४,३७० रहेको थियो।

तथ्याङ्क अनुसार सिरियाली र अफगानिस्तानहरू पछिल्ला वर्षहरूमा इयु सदस्य राष्ट्रहरूमा शरण खोज्नेहरूको सबैभन्दा ठूलो समूह हो।

त्यसैगरी शरण आवेदनको ७७ प्रतिशत स्पेनमामा मात्र केन्द्रित छ भने जर्मनी, फ्रान्स र इटाली क्रमशः परेका रोजाइमा छन्। खामा प्रेसका अनुसार जर्मनीले मात्रै फेब्रुअरीमा २५,००० भन्दा बढी आवेदनहरू प्राप्त गरेको छ।

युरोपेली सङ्घको तथ्याङ्कअनुसार नयाँ शरणार्थीहरूमध्ये २,७४५ अभिबाबक विहीन नाबालिग छन् भने १,०२५ अफगान नागरिक छन्।

# उत्तरी चीनमा पटाका विस्फोट हुँदा ४ जनाको मृत्यु

**सिन्ह्वा**

सिजियाजुआङ। उत्तरी चीनको हेबेई प्रान्तको दाचेङ काउन्टीमा शुक्रबार भएको आतिशबाजी विस्फोटमा परी कम्तीमा चार जनाको मृत्यु हुनाका साथै दुई जना बेपत्ता भएका छन्।

सो विस्फोट दिउँसो ४ बजे भएको थियो। सो समयमा जाङ्गटुन प्रहरी चौकीमा अधिकारीहरूले अवैध रूपमा व्यापार भएको शंकास्पद आतिशबाजीको नमूना सङ्कलन गरेर परीक्षण गरिरहेका थिए।

प्रारम्भिक अनुसन्धान अनुसार घटनास्थलमा ११ जना थिए। हालसम्म नौ जनाको उद्धार गरिएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

# प्रहरी अधिकारीको हत्या गरेको आरोपमा तीन जना पक्राउ



**एएफपी**

स ा न साल्भाडोर। एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले शुक्रबार एक प्रहरी अधिकारीको हत्या गरेको अभियोगमा तीन कथित गिरोह सदस्यलाई गिरफ्तार गरिएको घोषणा गर्नुभएको छ। सो हत्या काण्डले यस महिनाको शुरुमा शहरको सैन्य घेराबन्दी निम्त्याएको थियो।

अफिसर म्याक्सिमिनो भास्क्वेजको मे १६ मा भएको हत्याले बुकेलेलाई राजधानी सान साल्भाडोरबाट ८० किलोमिटर (५० माइल) उत्तरमा रहेको ३० हजार मानिस बसोबास गर्ने शहर नुभा कन्सेप्सियन वरपर ५,००० सिपाही र ५०० प्रहरी अधिकारीलाई "सुरक्षा घेरा" स्थापना गर्न आदेश दिन वाध्य बनाएको थियो।

"हामीले हाम्रो नायकको हत्या गर्नेको ठूलो मूल्य चुकाउने वाचा गरेका थियौं। हामीले उनीहरूको गुट नष्ट गर्यौं, उनीहरूका साथीलाई गिरफ्तार गर्यौं, उनीहरूका नेतालाई गिरफ्तार गर्यौं र आज हामीले तीन हत्यारालाई पक्राउ गर्यौं", राष्ट्रपतिले ट्विटरमा उल्लेख गर्नुभएको छ।

अहिले हिरासतमा रहेकाले देशमा फेरि कहिल्यै आतङ्क मच्चाउन नसक्ने पनि राष्ट्रपतिको दाबी छ।

प त्र ↄ ा उ पर्ने जोस अर्मान्डो ओचोआ गुटेरेज, फ्रान्सिस एन्टोनियो गोमेज काल्डेरोन र साल्भाडोर एनरिक पोर्टिलो लान्डाभेर्डे रहेका छन्। उनीहरूलाई हाल ग्वाटेमालाको हिरासतमा राखिएको छ।

ग्वाटेमाला प्रहरीले ट्विटरमा २७ वर्षीय पोर्टिलो लान्डाभेर्डे एमएस-१३ गिरोहको सदस्य रहेको र एल साल्भाडोरको सिमानामा रहेको जुटियापा विभागमा हिरासतमा राखिएको बताएको छ।

साल्भाडोरकामहान्यायाधिवक्ता रोडोल्फो डेलगाडोले पत्रकार सम्मेलनमा अधिकारीले पोर्टिलो ल्यान्भाडेर्डेलाई "गोली चलाउने व्यक्ति" हो भनेर सार्वजनिक गरेका छन्।

अ ि भ य ा ` ज क ल ` तीनैजना विरुद्ध "उत्तेजित हत्या"को आरोपमा ३० देखि ५० वर्षको जेल सजायको माग गरेका छन्। गत वर्ष बुकेले गिरोह विरुद्ध एक विवादास्पद "युद्ध" शुरु गर्नुभएको थियो जसका कारण ६८ हजारभन्दा बढी सङ्गि दग्ध गिरोह सदस्य वारेन्ट बिना पक्राउ गरिएको थियो।

जनमतसङ्ग्रहका अनुसार साल्भाडोरनका बीचमा धर्मयुद्ध व्यापकरूपमा लोकप्रिय साबित भएको छ तर मानवअधिकार सङ्गठन र क्याथोलिक चर्चले बुकेलको तरिकाको आलोचना गरेका छन्।

# फिफा तथा एएफसी प्रतिनिधिमण्डल काठमाण्डुमा



**टुडे समाचारदाता**

काठमाण्डु। अन्तर्राष्ट्रिय फुटबलको सर्वोच्च निकाय फिफा र एसियाली फुटबल महासंघ (एएफसी) को प्रतिनिधिमण्डलले अखिल नेपाल फुटबल संघ (एन्फा) को २ दिने भ्रमण गरेका छन्। प्रतिनिधिमण्डलले एन्फाको कार्यसमितिका सदस्य र प्रशासनसहित एन्फाको विभिन्न निकायका प्रतिनिधिसँग भेटघाट गरेका छन्।

प्रतिनिधिमण्डलमा फिफाका वरिष्ठ मेम्बर एसोसिएसन गभर्नेन्स सर्भिस म्यानेजर अहमद हराज, फिफा प्रमुख क्षेत्रीय कार्यालय दक्षिण एसियाका प्रिन्स रुफस, एएफसी दक्षिण एसिया इकाईका वरिष्ठ म्यानेजर सोनम जिम्मी र एएफसी दक्षिण एसिया इकाईका म्यानेजर दिनिश डी सिल्भा थिए।

यसअघि रूवान्डको किगालीमा भएको ७३औं फिफा महाधिवेशनमा एन्फालाई आन्तरिक सुशासन प्रक्रियामा सुधार गर्न सहयोग पुऱ्याउनका एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईको अनुरोध गरेको र त्यहिँ अनुरोधमा फिफा प्रतिनिधिमण्डलले भ्रमण गरेको एन्फाको भनाइ छ।

फिफा र एएफसी प्रतिनिधिमण्डलले एन्फाले आफ्नो आन्तरिक प्रक्रियालाई सुधार गर्न गर्ने काम कार्यान्वयन गरेकोमा खुसी व्यक्त गरेको एन्फाको भनाइ छ। एन्फालाई चुस्त बनाउन र थप सुधारहरू हासिल गर्न आवश्यक सहयोग गर्ने उनीहरुको भनाइ थियो।

प्रतिनिधिमण्डलले शुक्रबार एन्फा कार्यसमिति समितिका सदस्यहरु र महासचिवसँग छलफल गरेको थियो। सन् २०२१ देखि एन्फामाथि लगाइएको आर्थिक प्रतिबन्ध हटाउने उद्देश्यले फिफा र एएफसीका विभिन्न नियमावलीमा रहेर काम गर्ने प्रतिबद्धता बैठकमा उपस्थित एन्फा केन्द्रीय सदस्यहरूले व्यक्त गरेका थिए।



शिखर टोलस्थित स्थानीय कृषक बिष्णुराम आचार्यले आठ कठ्ठा जमीनमा गर्नु भएको सूर्यमुखी फूलको खेती । तस्बिर :रासस

# भारतको बैंगलुरु उडेको जहाज काठमाडौँ फर्कियो

काठमाण्डु । भारतको बैंगलुरुका लागि उडेको नेपाल वायुसेवा निगमको जहाजमा चरा ठोकिएको आशङ्कामा काठमाडौँ फर्किएको छ ।

काठमाडौँबाट बैंगलुरु उडेको निगमको उडान नं २२५ को न्यारो बडी 'ए'३२० जहाज उडेको २५ मिनेटमै पुनः काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको विमानस्थल कार्यालयले जनाएको छ ।

विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार उक्त जहाजमा चरा ठोकिएको आशङ्का गरिएको छ । "जहाज विमानस्थलबाट उड्ने क्रममा चरा ठोक्किएको भन्ने आशङ्कामा काठमाडौँ 'डाइभर्ट'



भएको छ, 'सस्पेक्टेट बर्ड हिट' भनिएको छ, अहिले प्राविधिक टोलीले जहाजको परीक्षण गरिरहेका छन्", प्रवक्ता सिटौलाले भन्नुभयो ।

जहाज दिउँसो १ बजेर ४५ मिनेटमा बैंगलुरुका लागि उडेको थियो । विमानस्थलबाट ४० माइल पुगेर 'इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) ' एप्रोच' लिएर जहाज दिउँसो २ बजेर १० मिनेटमा काठमाडौँ विमानस्थलमा अवतरण गरेको हो । सो जहाजका यात्रुलाई अर्को जहाजमार्फत गन्तव्य लैजाने तयारी भइरहेको पनि विमानस्थलले जनाएको छ । रासस

# किवी खेतीले फेरिँदै दैनिकी

भोजपुर । परामपरागत खेती गर्दै आएकाभोजपुरकोश्यामशिलावासीको दैनिकी फेरिँदै गएको छ । आलु, मकैलगायत बाली लगाउँदै आएका यहाँका किसानले किवी खेती गर्न थालेपछि दैनिकीमा परिवर्तन आएको हो ।

पौवादुङमा गाउँपालिकाले यहाँको कूल १२ दशमलव ५१ वर्ग किलोमिटर भू-भागमध्ये उपयुक्त जमिनलाई लक्षित गरेर किवीको पकेट क्षेत्र घोषणा गरेपछि यहाँका स्थानीय व्यावसायिक किवी खेतीमा जुटेका छन् । बहुवर्षीय बालीका रूपमा मानिएको किवी अन्य बालीको तुलनामा कम मेहनतमा राम्रो आम्दानी लिन सकिने भएपछि यहाँका एक सय बढी कृषकले किवी खेती गर्दै आएका छन् ।

यस क्षेत्रको तीन सय बढी रोपनीमा किसानले किवीको खेती गर्दै आएको वडा कार्यालयले जनाएको छ । यो क्षेत्रलाई किवीको 'ब्लग' नै बनाएर लैजाने योजनाका साथ काम भइरहेको पौवादुङमा-१ श्यामशिलाका वडाध्यक्ष राजेन्द्र तामाङले बताउनुभयो । "हामीले श्यामशिला क्षेत्रमा किवी खेतीको विस्तारमा जोड दिएका छौँ", उहाँले भन्नुभयो, "पकेट क्षेत्र घोषणा गरेर किसानलाई आवश्यक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ । अब यस क्षेत्रलाई किवी ब्लगका रूपमा विस्तार गर्ने भावी योजना छ ।"

एक पटक विस्तार गरेपछि वर्षौँसम्म राम्रो आम्दानी लिन सकिने भएपछि व्यावसायिक किवी खेतीमा जुटेको स्थानीय कृषक मधु सुब्बाले बताउनुभयो । अहिले करिब पाँच रोपनी क्षेत्रमा किवी विस्तार गरेको उहाँको भनाइ थियो । "अहिले हाम्रो क्षेत्रमा धेरै किसानले व्यावसायिक किवी खेती गर्दै आएका छन्", उहाँले भन्नुभयो, "थोरै मेहनतमा अन्य बालीको तुलनामा राम्रो आम्दानी हुने भएपछि यहाँका अधिकांश किसान यसमा आबद्ध भएका हुन्", कृषक सुब्बाले भन्नुभयो । उहाँले गाउँपालिका र वडाले आवश्यक सहयोग गरेपछि किसानलाई थप हौसला मिलेको बताउनुभयो ।

करिब छ रोपनी जमिनमा आलु, मकैलगायत खेती गर्दै आएको भन्दै उक्त जमिनमा अहिले व्यावसायिक रूपमा किवी खेती गरिरहेको स्थानीयवासी दालकी शेर्पाले बताउनुभयो । अहिले उहाँले तीन सय बोट किवी लगाउनुभएको छ । "आलु, मकैको विकल्पमा किवी खेती गरिरहेकी छु", उहाँले भन्नुभयो, "यसको खेतीबाट वार्षिक रु चारदेखि पाँच लाखसम्म आम्दानी लिने लक्ष्य छ । किवी लगाएर बाँकी रहेको ठाउँमा तरकारी खेती गर्ने योजना छ । यसबाट पनि थप आयशनिबार्रनमा टेवा पुग्छ ।"

गाउँपालिकाको सहयोगले व्यावसायिक किवी खेतीमा लाग्न सहज भएको स्थानीयवासी देवराज राईले बताउनुभयो । गाउँमा किवी खेती अभियानका रूपमा सञ्चालन भइरहेको भन्दै उहाँले पालिकाले निम्न आयस्तर भएका कृषकलाई प्रोत्साहनस्वरुप सहयोग गरेकाले खेतीमा लाग्न मद्दत मिलेको बताउनुभयो । "किवीको खेती गर्ने मेरो पहिलादेखि नै सोच थियो", कृषक राईले भन्नुभयो, "धेरै ठाउँमा खेती विस्तार गर्न ठुलो लगानी लाग्ने हुँदा अलिअलि लगाएको थिए । अहिले गाउँपालिकाले सहयोग गरेकाले मलगायत गाउँका धेरैले व्यावसायिक खेती गरिरहेका छौँ ।"

किवी खेतीको लागि उपयुक्त भूगोल रहेकाले श्यामशिला क्षेत्रलाई किवी पकेट क्षेत्र निर्धारण गरी आवश्यक सहयोगको कार्यक्रम सञ्चालन गरिएको पौवादुङमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले बताउनुभयो । विभिन्न आर्थिक वर्षमा गरी किवी खेतीको लागि रु ५० लाख बढी गाउँपालिकाले लगानी गरेको उहाँले जानकारी दिनुभयो । यहाँ विस्तार गरेको किवीले उत्पादनसमेत दिन थालेको प्रशासकीय अधिकृत भट्टराईको भनाइ थियो । "यस क्षेत्रलाई किवीको उपयुक्त क्षेत्रका रूपमा लिएका छौँ । यहाँको हावापानी किवीका लागि निकै उपयुक्त छ । गाउँपालिकाले प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेपछि किसानमा उत्साह बढेको पाएका छौँ", उहाँले भन्नुभयो । गाउँपालिकाले 'एक गाउँ एक उत्पादन' कार्यक्रममा जोड दिएको गाउँपालिका अध्यक्ष किरण राईले बताउनुभयो । माटो सुहाउँदो खेतीमा प्रोत्साहन गर्दै पालिकालाई कृषिमा आत्मनिर्भर बनाउने नीतिका साथ काम गरिरहेको उहाँको भनाइ थियो । सामूहिक रूपमा कृषि गर्ने र बाँझो रहेका जमिनमा ठूला कृषि फर्म सञ्चालन गर्ने किसानलाई थप प्रोत्साहन गरिने अध्यक्ष राईले बताउनुभयो । "जमिनको उत्पादकत्व र माटो सुदाउँदो बालीमा जोड दिएका छौँ", उहाँले भन्नुभयो, "किसानलाई आधुनिक कृषिमा जोड्दै गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने हाम्रो लक्ष्य छ ।"

गाउँपालिकाले यहाँको भूगोल निर्धारण गरेर विभिन्न बालीको खेतीमा जोड दिएको छ । माथिल्लो भेग श्यामशिलालाई किवी पकेट क्षेत्र, गाउँपालिका-३ च्याङ्ग्रे, ४ बास्तिम, ५ सानोदुम्मा, ६ ठूलोदुम्मालाई अकबरे खुसानी, मौरीपालन र एभोकाडोको खेतीको पकेट क्षेत्र निर्धारण गरिएको छ । गत वर्ष अकबरे खुर्सानीबाट रु छ करोड बढी आम्दानी भएको गाउँपालिकाले जनाएको छ ।

वडा-२ तिवारी भञ्ज्याङको सडकभन्दा माथिदेखी-१ श्यामशिलाको वडा कार्यालय मुनिको भूगोललाई आलु, बन्दाकोबी र काउली खेती गर्न पकेट क्षेत्रका रूपमा विकास गर्ने योजनाका साथका काम भइरहेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताउनुभयो । "गाउँपालिकामा हामीले कृषिलाई प्राथमिकतामा राखेका छौँ", उहाँले भन्नुभयो, "विभिन्न ठाउँमा भूगोल अनुसारका खेती भइरहेका छन् । अबको पाँच वर्षमा यस गाउँपालिकालाई पूर्णरूपमा कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यअनुसार काम भइरहेको छ ।"

किवी प्रतिकेजी रु दुई सय ५० देखि रु तीन सयसम्ममा बिक्री हुने गरेको छ । यसलाई एक हजार पाँच सय मिटरदेखि दुई हजार चार सय मिटरसम्मको उचाइमा खेती गर्न सकिने गाउँपालिकाको कृषि शाखाले जनाएको छ । रासस

# जलकुम्भीले सुक्दै ताल

भरतपुर । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका ताल तलैयामा यतिबेला जलकुम्भी फुलेर ढकमक्क छ । यही फुलेका जलकुम्भीका कारण यतिबेला यहाँ फोटो खिच्न र टिकटक बनाउन आउने आन्तरिक पर्यटकको भिड देखिन्छ । पहिले फाट्टफुट्ट आउने आन्तरिक पर्यटक अहिले दिनमै सयौँको सङ्ख्यामा आउन थालेका छन् । जलकुम्भीले आन्तरिक पर्यटकको चहलपहल त बढाएको छ तर संरक्षणकर्मीलाई जलकुम्भीका कारण ताल सुक्दै जान थालेकोमा चिन्ता बढेको छ ।

भरतपुर महानगरपालिका-५ केशरबागको नवज्योती मध्यवर्ती सामुदायिक वनका अध्यक्ष भिमलाल चापागाईँले वनभित्र रहेको 'किङ फिसर' तालमा फोटो खिच्न र टिकटक बनाउन दैनिक सयौँको सङ्ख्यामा आन्तरिक पर्यटक आउने गरेको बताउनुभयो । "दैनिक करिब आठ सयसम्म पर्यटक यहाँ आउने गरेका छन् । यो भीड दुई सातादेखि बढेको हो", उहाँले भन्नुभयो ।

पहिले फाट्टफुट्ट आउने भएपनि टिकटकमा भिडियो भाइरल भएपछि यहाँ घुम्न आउनेको सङ्ख्या दिनदिनै बढेको अध्यक्ष चापागाईँको भनाइ थियो । उहाँका अनुसार दैनिक विहान १० बजेदेखि पाँच बजेसम्म ताल क्षेत्रमा प्रवेश खुल्ला गरिएको छ । "यहाँ आउने पर्यटक जलकुम्भीको फुल टिप्छन् । फोटो भिडियो खिच्छन् र नाच्छन् रमाउँछन् । फर्कने बेलामा 'गमलामा सार्छौं' भनेर केहीले फूलसहितका जलकुम्भी लैजान्छन् पनि", उहाँले भन्नुभयो ।



अध्यक्ष चापागाईँका अनुसार वन प्रवेश गरेको एक जनासँग रू २५ लिने गरिएको छ । पर्यटक धेरै आउँदा आम्दानी भएको बताउँदै उहाँले तालमा जलकुम्भी फैलदा र फुल्दा ताल सुक्ने चिन्ता पनि बढेको बताउनुभयो । उहाँले पानी बग्ने क्षेत्रमा भन्दा जमेका पोखरीमा जलकुम्भी धेरै फैलिएको र ताल पूरै ढाकेको बताउनुभयो ।

दक्षिणकाली मध्यवर्ती वन उपभोक्ता समूहका अध्यक्ष बाबुराम न्यौपानेले यसवर्ष बर्सातको कमी भएका कारण जलकुम्भी झार बढेको बताउनुभयो । "पानीको सतह कम भएकाले मानिस तालमा जाने सक्ने अवस्था छ । जलकुम्भीका फुल पहिले पनि फुल्थ्यो । अहिले फुल टिप्ने र टिकटक बनाउने प्रचलन निकै बढेको छ", उहाँले भन्नुभयो । जलकुम्भीले ताललाई विनास गरेको उहाँको भनाइ थियो । "अहिले जलकुम्भीका कारण ताल पुरिएकाले ताल गहिराउनुपर्ने अवस्था छ", न्यौपानेले भन्नुभयो, "हाम्रो पनि दक्षिणकाली ताल र ओरालेघोल तालमा जलकुम्भी छ तर पर्यटकलाई टिकट काटेर प्रवेश गराएका छैनौँ ।"

बाटुलीपोखरी मध्यवर्ती सामुदायिक वनका अध्यक्ष ज्ञानु सुनारले जलकुम्भीलाई कमलको फुल भन्दै टाढाटाढाबाट आन्तरिक पर्यटक आउने गरेको बताउनुभयो । "प्रत्येक दिन यहाँ आएर सयौँले जलकुम्भीबारे सोध्नुहुन्छ । हामीले तालमा फुल्ने झार हो भनेर जानकारी दिने गरेका छौँ", उहाँले भन्नुभयो । जलकुम्भी झारले तालमा समस्या आएको भन्दै यसको व्यवस्थापन गर्नुपर्ने चुनौती थपिएको उहाँले बताउनुभयो ।

चितवन राष्ट्रिय निकुञ्ज र संरक्षणको क्षेत्रमा काम गर्नेले जलकुम्भीको समस्या विकराल हुनसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत रामपृत यादवले जलकुम्भीको समस्या बेलैमा समाधान गर्न नसके यसले विकराल अवस्था सृजना गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यसले तालतलैया सुकाउँदै छ । जहाँत्यही यसको समस्या छ । यसलाई आउनै दिन हुन्न । यसलाई मान्छे लगाएर निकाल्नुपर्छ । नत्र भयावह हुन्छ ।"

बीसहजारी ताल जलकुम्भीका कारण सङ्कटमा पुगेको बताउँदै यादवले बीसहजारी तालको जलकुम्भी हटाउन ठूलो मिहिनेत र खर्च भएको जानकारी दिनुभयो । "मान्छे प्रकृतिमा रमाउन चाहान्छ । अहिले क्षणिक रमाइलो हेरेर हुँदैन । यहाँका तालमा पहिले जलकुम्भी थिएन । यो विदेशबाट आएको हो । यसले यहाँको रैथाने झारलाई समेत मार्ने गरेको छ", उहाँले भन्नुभयो । जलकुम्भीको फुल फुल्ने, बाक्लो हुँदै जाने र ताल माथिमाथि आएर कुहिने हुनाले विस्तारै ताल सुक्दै जाने यादवको भनाइ थियो । उहाँका अनुसार यहाँ हुने रैथाने झार चराका लागि राम्रो मानिन्छ । ताल सुक्दै जाँदा चरा पनि आउन छाड्ने भन्दै यादवले यो प्रकृतिको महारोग भएकाले बेलैमा सोच्न जरुरी रहेको बताउनुभयो ।

निकुञ्जका निमित्त प्रमुख संरक्षण अधिकृत राजु घिमिरेले रैथाने बनस्पतीलाई संरक्षण गर्नुपर्ने बताउनुभयो । उहाँले जैविक विविधता संरक्षण गरेर सबैको विविधता कायम गर्न सक्नुपर्ने भन्दै ध्यान यसतर्फ सबैको जानुपर्ने बताउनुभयो । "डढेलो लाग्ने ठाँउमा जलकुम्भी बढी फैलन्छ र ताल तलैया ढाक्छ । आगलागी नियन्त्रणलाई पनि ध्यान दिनुपर्छ । यसले दीर्घकालिन रूपमा असर गर्छ, बेलेमा सबैको पहलमा समाधनतर्फ लाग्नुपर्छ", अधिकृत घिमिरेले भन्नुभयो ।

निकुञ्जको मध्यवर्ती व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले जलकुम्भीको फूल देखाएर पर्यटक बढाउन खोज्ने चिन्तनले ताल नै नरहने जोखिम बढ्ने बताउनुभयो । उहाँले यहाँका ताल यस क्षेत्रको सिँचाइको स्रोत समेत भएको जानकारी दिनुभयो । "यहाँका ताल अनुसन्धान केन्द्र (रिचार्ज सेन्टर) हुन् । यिनको संरक्षण विना सिमसार जोगाउने कुरा सम्भव हुँदैन । जलकुम्भीले तत्कालका लागि पर्यटक भित्रिए पनि दीर्घकालिनरूपमा यसले वातावरण र तालतलैयामा असर गर्छ", समितिका अध्यक्ष ढुङ्गानाले भन्नुभयो । उहाँले सामुदायिक वन क्षेत्रको संरक्षण र उपभोग दुवै स्थानीयले गर्ने भएकाले पर्यटक भित्राउन अन्य दीर्घकालिन योजना बनाउनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख रचना शाहले जलकुम्भी जोगाउनभन्दा उखेल्न उपयुक्त हुने बताउनुभयो । उहाँले यसको दीर्घकालिन समस्या समाधनका लागि संरक्षण कोषले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

राप्ती नदी तटीय क्षेत्र सरसफाइ अभियानका अध्यक्ष अपिल घिमिरेले जलकुम्भी देखाएर पर्यटक भित्राउने भन्दा तालको संरक्षणमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले तालहरू यहाँको कृषि प्रणालीसँग जोडिएकाले तालको संरक्षण गर्दा कृषि उत्पादनमा टेवा पुग्ने बताउनुभयो । घिमिरेले सबै संरक्षणकर्मी एक भएर सिमसार क्षेत्रको संरक्षणमा जुट्न आह्वान गर्नुभयो । पत्रकार रमेशकुमार पौडेलले समस्या ल्याउने बनस्पतीलाई समस्याका रूपमा हेर्नुपर्ने भन्दै पर्यटकीय आकर्षणका लागि अन्य विकल्प खोजी जलकुम्भीको दीर्घकालिन समाधान खोज्नुपर्ने बताउनुभयो । रासस

# भारततर्फ बिजुली निर्यात सुरु, ६०० मेगावाट आवर निर्यात

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल विद्युत प्राधिकरणले भारततर्फ बिजुली बेच्न सुरु गरेको छ । वर्षायाम सुरु भएर नदीको वहाब बढ्न थालेसँगै आन्तरिक उत्पादन बढेपछि बढी भएको बिजुली भारततर्फ बेच्न थालिएको हो । प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले शुक्रबारदेखि भारततर्फ बिजुली बेच्न थालिएको बताए । उनले शुक्रबार भारतलाई ६०० मेगावाट आवर बिजुली बेचेको र आज भने निर्यात नभएको बताए ।

केही समयअघिसम्म नेपालले भारतबाट दैनिक ४०० मेगावाटभन्दा बढी क्षमतामा बिजुली किन्दै आइरहेको थियो । तर, अचानक वर्षायाम सुरु हुँदा नदीको वहाब बढिरहेको छ । यससँगै, 'रन अफ दी रिभर' आधारित आयोजनाबाट बिजुली उत्पादन बढेको छ । गर्मी याममा पानी नपर्दा र अत्याधिक गर्मी हुँदा बिजुलीको माग समेत बढ्ने गर्छ । तर, वैशाखदेखि नै निरन्तर भइरहेको वर्षातका कारण गर्मी समेत घटेको छ । फलस्वरुपः उत्पादित बिजुलीले आन्तरिक माग धानेर निर्यात नै सुरु भएको हो । यद्यपि, वर्षात रोकिएमा पुनः आयात गर्नुपर्ने हुन सक्छ ।

# नेपालबाट ३९ करोडको यार्सागुम्बा निर्यात



**टुडे समाचारदाता**

काठमाण्डु । चालू आर्थिक वर्ष २०७९/८० को यस अवधिमा नेपालबाट ३९ करोड रुपैयाँभन्दा धेरै मूल्यको यार्सागुम्बा निर्यात भएको छ । भन्सार विभागको तथ्यांकअनुसार साउनदेखि वैशाखसम्मको अवधिमा नेपालबाट ३९ करोड ९९ लाख रुपैयाँको यार्सागुम्बा निर्यात भएको हो ।

यस अवधिमा नेपालबाट ६१७ किलोग्राम यार्सागुम्बा निर्यात भएको छ । नेपालबाट निर्यात हुने यार्सागुम्बा विश्वका दर्जन मुलुकमा जान्छ । सबैभन्दा धेरै हङकङमा १८ करोड ८७ लाख रुपैयाँको निर्यात भएको छ भने कम्बोडियामा १२ करोड २७ लाख रुपैयाँको निर्यात भएको छ ।

भियतनाममा ४ करोड ४३ लाख, अमेरिकामा १ करोड १४ लाख, सिंगापुरमा १ करोड ३१ लाख र मलेसियामा ८० लाख रुपैयाँको यार्सागुम्बा निर्यात भएको तथ्यांक छ । यसबाहेक, चीन, फ्रान्स, जर्मनी र इटालीमा समेत यार्सागुम्बा निर्यात हुने गरेको छ ।

# इजिप्सियनलाई आकर्षित गर्दै खुकुरी र सिङ्गिङ बाउल

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले नेपाल र इजिप्टबीच द्विपक्षीय पर्यटन विकासका लागि आवश्यक सहयोग गर्न सरकार कटिबद्ध रहेको बताउनुभएको छ ।

नेपाल र इजिप्टबीच पर्यटन क्षेत्रमा आपसी सहयोग अभिवृद्धि गर्ने उद्देश्यले दुवै देशका ट्राभल र टुर अपरेटरबीचको छलफल कार्यक्रममा उहाँले पर्यटन क्षेत्र मुलुकको विकासको प्राथमिकता प्राप्त क्षेत्र भएकाले विकास र विस्तारका लागि सरकार तयार रहेको उल्लेख गर्नुभयो ।

इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्सालले नेपाल र इजिप्ट सांस्कृतिक र प्राकृतिक वैभवले सुशोभित प्राचीन सभ्यतावाहक मुलुक भएका कारण दुई देशबीच पर्यटन क्षेत्रको साझेदारीका लागि प्रशस्त सम्भावना रहेको उल्लेख गर्नुभयो । उहाँले पर्यटन विकासका लागि निजी क्षेत्रको अहम् भूमिका रहने भएकाले दुवै देशका ट्राभल र टुर अपरेटरबीच निरन्तर संवाद तथा सहकार्यका लागि मञ्च उपलब्ध होस् भन्ने उद्देश्यले कार्यक्रम गरिएको बताउनुभयो ।

इजिप्ट पर्यटन प्राधिकरणका महाप्रबन्धक अहमद अलिले नेपाली ट्राभल एजेन्सीलाई जानकारीमूलक भ्रमण (फ्याम ट्रिप) मा स्वागत गर्न प्राधिकरण इच्छुक रहेको उल्लेख गर्नुभयो । नेपाल पर्यटन बोर्डका वरिष्ठ व्यवस्थापक सुनिल शर्मा र नेपाल एशोसिएन अफ टुर एण्ड ट्राभल एजेन्टसका महासचिव कुमारमणि थपलियाले नेपालको पर्यटकीय सम्पदा र नेपाल-इजिप्ट पर्यटन सम्भावनाका बेग्लाबेग्लै प्रस्तुति गर्नुभयो ।

कार्यक्रममा नेपाल र इजिप्टका २० भन्दाबढी ट्राभल टुर कम्पनीका प्रतिनिधिको सहभागिता थियो । यसअघि इजिप्टमा आयोजना भएका नेपाल पर्यटन प्रवर्द्धन कार्यक्रममा इजिप्सियन नागरिकको उल्लेखनीय सहभागिता रहँदै आएको छ । केही समयअघि एक विश्वविद्यालयमा आयोजित अन्तर्राष्ट्रिय सांस्कृतिक महोत्सवमा नेपालको परम्परागत कला, संस्कृति तथा प्राकृतिक विविधताबारे जिज्ञासा राख्दै प्रदर्शनमा रहेका विभिन्न वस्तु अभिरुचिपूर्वक अवलोकन गरेका थिए । विशेषगरी खुकुरी र सिङ्गिङ बाउलप्रति धेरै इजिप्सियन युवा आकर्षित हुने गरेको पाइएको छ ।

खुकुरीको इतिहास एवं प्रयोगबारे जानकारी लिने एवं सिङ्गिङ बाउलको अवलोकन तथा प्रयोगात्मक अभ्यास गरी नेपालको आध्यात्मिक सम्पदासँग साक्षात्कार गर्न धेरै सहभागी इच्छुक रहने गरेको त्यहाँस्थित दूतावासले जनाएको छ । रासस

# भूमि आयोगको स्वेच्छाचारी गतिविधि उत्कर्षमा : मन्त्री कुर्मी

**टुडे समाचारदाता**

कलैया । मधेश प्रदेशका वन तथा वातावरण मन्त्री रमेशप्रसाद कुर्मीले भूमि आयोगको स्वेच्छाचारी गतिविधि उत्कर्षमा रहेको बताएका छन् ।



गढीमाई साझेदारी वन उपभोक्ता समूहको दोस्रो साधारण सभा कार्यक्रममा मन्त्री कुर्मीले राष्ट्रिय भूमि आयोगले कानुन बनाएर वनको जग्गा भूमिहीन र सुकुम्वासीको नाममा वितरण गरेको बताएका छन् ।

'भूमि आयोगको कुदृष्टि वनको जग्गामा परेको छ, 'अहिले कानुन बनाएर आयोगले भूमिहीनको नाममा वितरण गरिरहेको छ यसलाई रोक्न मैले आफ्नो तर्फबाट विश्वास दिलाउन चाहन्छु, खास गरी मधेशको सबैभन्दा ठुलो सम्पत्ति जल, जङ्गल, जमिनमाथि आक्रमणको अवस्था सिर्जना भएको छ, यसको संरक्षण गर्ने हाम्रो दायित्व बन्दछ' मन्त्री कुर्मीले भने 'मधेस प्रदेश सरकार, वन कार्यालयको सम्पूर्ण टिम, स्थानीय सरकार, उपभोक्तासँगको सहकार्यमा हामी भूमि आयोगलाई जमिन दिनबाट रोक्दछौं'

बिहीबार मात्रै नियुक्त भएका मन्त्री कुर्मीले वन जङ्गलमा विभिन्न किसिमको षडयन्त्र गरेर निहित स्वार्थको लागि सङ्घीय सरकारले समेत जङ्गल काटेर सडक, रेलमार्ग,विमानस्थल गर्न लागेको बताएका छन् ।

उनले पानीको श्रोतको संरक्षणका लागि पनि सम्पूर्ण व्यक्ति मिलेर जङ्गल जोगाउन आग्रह गरेका छन् । 'हामी कानुन निर्माण गरेर वनको जग्गा वितरण गर्न रोक्दै छौ, हाम्रो वनको जमिन कुनै पनि हालतमा सुकुम्वासीको नाममा दिनेवाला छैनौ' मन्त्री कुर्मीले भने । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अगाडि बढाउन प्रदेश सरकारको भूमिकाको विषयमा मन्त्री कुर्मीले जङ्गलको विनाश कत्ति हुन्छ र त्यसबाट हुने फाइदालाई लिएर मात्रै अगाडि बढ्ने बताएका छन् ।

कार्यक्रममा आज गढीमाई साझेदारी वन उपभोक्ता समितिको नयाँ नेतृत्व चयन समेत हुँदैछ । स्थानीय तह गठन पश्चात् साझेदारी वन सम्बन्धी कानुन अभाव र अन्य विभिन्न कारणले रोकिएको साझेदारी वनहरूको अधिवेशन बाराबाट सुरु भएको छ । यो मधेस प्रदेशमै पहिलो अधिवेशन छ । दोस्रो अधिवेशन सहमतिमा नयाँ कार्यसमिति चयन हुन नसकेपछि निर्वाचन पक्रियामा गएको हो । करिब १ लाख ९ हजार सदस्य रहेको बाराको गढीमाई साझेदारी वनमा प्रत्येक वडाबाट ७ जना छनोट भएर आएका छन् । ५ वटा पालिकाको २४ वटा वडाबाट छनोट भएर आएका १६८ जनाले १३ जनाको मूल कार्यसमिति छनोट गर्नेछन् । नयाँ कार्यसमिति चयनका लागि सहमति नभएपछि निर्वाचन प्रक्रिया सुरु भइसकेको डिभिजन वन कार्यालय बाराका अधिकृत ललननाथ कुर्मीले बताए ।

# अध्यादेश खारेज गर्न बारको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । अनुचित लेनदेन सम्बन्धी सरकारले ल्याएको अध्यादेशमा नेपाल बार एशोसिएशन जनकपुरधामले असन्तुष्टि व्यक्त गरेको छ ।

एशोसिएशनले प्रेस विज्ञप्ति जारी गर्दै आपत्ति जनाएको छ ।

बैशाख २० गते सो अध्यादेश नेपाल राजपत्रमा प्रकाशित गरिएको थियो । उक्त अध्यादेश अनुसार मुलकीसंहिता सम्बन्धी केही ऐनलाई संशोधन गरेको छ।

'मुलकीसंहिता केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश दफा ३(२)मा थपिएको प्रतिबन्धात्मक वाक्यांश,दफा ४ को उपदाफा (२) अन्तर्गत थपिएको ३ (क) तथा ३ (ख) मा भएको कानुनी व्यवस्था तथा मूल ऐनको दफ ३६ को उपदाफा (५)को प्रतिबन्धात्मक वाक्यांश झिकिएको भन्ने व्यवस्थाप्रति यस बारको गम्भीर ध्यानाकर्षण भएको छ,'विज्ञप्तिमा उल्लेख छ ।

मिटरब्याजीलाई नियन्त्रण गर्ने र कानुनको दायरामा ल्याउन अध्यादेशको मुख्य उद्देश्य भए पनि संसद चलिरहेकै अवस्थामा छलेर एक पक्षीय रुपमा अध्यादेश ल्याइएको एशोसिएशनको ठहर छ । नेपालको संविधान र न्यायको मान्य सिद्धातसमेतलाई यसले प्रभावित गरेको एशोसिएशनको बुझाइ छ ।

> नेपालमा विधिको शासन रहेको कुरा नेपालको संविधान २०७२ द्वारा नै मान्य सिद्धान्त रहनुको साथै सबैलाई जानकारी हुँदा हुँदै सोको विपरीत नेपाल कानुन व्याख्या सम्वन्धी ऐन २०१० को दफा १४,२७ क को कानुनी व्याख्याको मर्म विपरीत जारी गरिएको अध्यादेश खारेज हुनुपर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

वर्षौंदेखि चलि आएको सामाजिक लेनदेन सम्बन्धी व्यवहार र जनजीवनसमेत ठप्प भएको विज्ञप्तिमार्फत जनाइएको छ । आध्यादेश जारी हुनुभन्दा अघिको भएका तमसुकी कार्यव्यवहारलाईसमेत असर परेको बताइएको छ ।

'अध्यादेशमा राखिएको कानुनी व्यवस्थाहरु तत्काल निलम्बन,फिर्ता गर्ने र सामाजिक जनजीवनसमेत सहज रुपमा चल्न सक्ने गरी उपयुक्त कानुनी व्यवस्था गर्न हामी नेपाल सरकार तथा सम्बन्धित सरोकारवाला समक्ष जोडदार माग गर्दछौं,'विज्ञप्तिमा उल्लेख छ।

त्यस्तै, रौतहट जिल्ला अदालत बार एशोसिएशनले अध्यादेश खारिज गर्नुपर्ने माग गरेको छ।

नेपाल सरकारको मन्त्रिपरिषद् कोसिफारिसमाराष्ट्रपतिद्वाराप्रमाणित गरिएको मुलुकीसहिंता सम्बन्धी केही नेपाल ऐनलाइ संशोधन गर्न बनेको अध्यादेश नेपालको संविधान २०७२ र हाल बहाल रहेको नेपालको प्रचलित कानुन,न्यायको मान्यता सिद्धान्तहरुको समेत विपरीत रहेको भन्दै रौतहट बारले असहमतिसमेत जनाएको छ।

रौतहट बारका अध्यक्ष नन्द किशोर साहले जारी गरेको प्रेस विज्ञप्तिमा बैशाख २० गते जारी भएको अध्यादेश प्रचलित कानुनको विपरीत रहेकोले खारेज गर्नुपर्ने माग गरेका छन् ।

नेपालमा विधिको शासन रहेको कुरा नेपालको संविधान २०७२ द्वारा नै मान्य सिद्धान्त रहनुको साथै सबैलाई जानकारी हुँदा हुँदै सोको विपरीत नेपाल कानुन व्याख्या सम्वन्धी ऐन २०१० को दफा १४,२७ क को क़ानुनी व्याख्याको मर्म विपरीत जारी गरिएको अध्यादेश खारेज हुनुपर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ।

विज्ञप्तिमा लेखिएको छ 'राज्यले कानुन बनाउँदा देश र जनता तथा समाजको हितलाई मध्यनजर गर्नुपर्नेमा सो नगरी सामाजिक व्यवस्था खलबलाउने गरी बनाइएको कानुन समाज र जनताका बीचको सामाजिक संरचना ,व्यवहार नष्ट पार्ने भएकोले अविलम्व ख़ारेज गर्नुपर्छ ।

# सरकारलाई करको भर, छैनन् आम्दानीको स्रोत



**संजीवकुमार झा**

नेपालको संविधान २०७२ ले नेपालमा तीन तहको सरकार गठन गरेको छ । स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकारको संरचना बनाइएको छ । एक संघीय सरकार, सात प्रदेश र ७ सय ५३ वटा स्थानीय तह गठन गरिएको छ । जसमा महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी स्थानीय तहलाई चार भागमा विभाजन गरिएको छ । महानगरपालिका ६, उप-महानगरपालिका ११, नगरपालिका २ सय ४८ र गाउँपालिका ४ सय ७९ वटा गठन गरियो । कारण एउटै थियो जनताको काम सहज र सुलभ रुपमा होस । विभिन्न समयमा आन्दोलन पनि सायद यसकै लागि भएको थियो । जुन संरचना अहिले विद्यमान छन् त्यो संरचना नेपाल जस्ता साना मुलुकको लागि उपयुक्त हो कि होइन् ठयाक्कै अहिले भन्न नसकिने अवस्था छ तर, जुन प्रकारले आर्थिक मन्दी छाएको छ त्यसले समस्या निम्त्याउछ भन्न सकिन्छ । यहाँका कलकारखाना बन्द छ, कृषिको अवस्था दयनिय छ, एक एक पाइका लागि जनता विदेशिनु बाहेक अरु कुनै विकल्प छैन्, व्यापारीहरु पलायन हुने अवस्था छ, जताततै सटरहरु खाली रहेको बोर्ड झुण्डिएको हेर्न सकिन्छ । निजी स्तरमा सञ्चालनमा रहेका कलकारखानाको अवस्था यस्तो दयनीय छ कि उनीहरुले उत्पादन गरेको सामान बजारमा उधारोमा नबेचे गोदाममै थन्किने अवस्था छ । उद्योगी व्यापारी संग पैसा छैन् जो संग बैंकिङ्ग कारोबार भएको छ त्यसको व्याज दर महंगो भएका कारण बजारमा ल्याउने सामग्रीको मूल्यसमेत बढेर आएको छ । सर्वसाधारणसंग पैसा छैन्, जग्गाको कारोबार ठप्प भएको छ तर, सरकार भने कुम्भकरणको निन्द्रामा सुतेका छन् । म आए यस्तो, म आए उस्तो आत्मरतिहरुको आत्मकथा सुन्दा बास्तवमा यो भन्दा त्यो र त्यो भन्दा योनै राम्रो भन्ने लाग्छ तर, जो जोगी आयो कानै चिरेको उखान शीर्षकको फिल्मी पटकथा शुरु हुन्छ ।

सरकारले आगामी वर्षको नीति तथा कार्यक्रममा केही कलकारखाना सञ्चालनका लागि तदारुकता देखाएका छन् तर, ठोस र दीर्घकालीन योजनालाई छनोट गर्न अहिले पनि चुक भएकै हो । पेट्रोलियम पदार्थको खानी भएका मुलुकहरु अहिले बैकल्पिक उर्जाको खोजीमा जुटेका छन् । उनीहरु पेट्रोल, डिजल, मट्टिटतेल, ग्यासको उत्पादन संगै भविष्यमा यी वस्तुहरुको बिक्री वितरणमा कमी आउने भन्दै उनीहरु बिजुली उत्पादन गर्ने विभिन्न प्रविधिहरुको प्रयोग गर्न थालेका छन् तर, जहाँ दैनिक करोडौं करोड क्युसेक पानी त्यतिकै खेर बग्दै गएको छ त्यो देश फेरि भारतबाट बिजुली आयात गर्नेछन् । नेपालका विज्ञहरुले आम्दानीका वास्तविक पहिचान गर्न अहिले पनि कतै न कतै चुक गरिरहेको अवस्था छ । ठूल ठूला पहाडले घेरिएका नदीहरुको मुहान मात्रै छेकिने हो भने वर्ष भरि पर्याप्त मात्रामा बिजुली उत्पादन गर्न सकिन्छ र बजार भने भारत र बंगलादेश खाली नै छ । नेपालले उत्पादन गर्न सक्ने बिजुली बेच्नका लागि अन्य कुनै ठाउँनै जानुपर्दैन कारण विश्वका सबै भन्दा ठूला आवादी भएको मुलुक भारत हाम्रो छिमेकमै छन् । अर्का छिमेकी चीन जो कि आवादीको मामिलामा दोस्रो स्थानमा छन् । कति बिजुली उत्पादन गर्न सकिन्छ खपत गर्नका लागि बजार बाहिर खोजिनु पर्दैन । आम्दानीको स्रोत भए विश्वका दातृ निकायहरुले पनि लगानी गर्न सक्छ नभए ऋण लिएर चुक्ता पनि गर्न सकिन्छ । तर,

> भन्नको लागि भनिन्छ मुलुकलाई पर्यटकीय दृष्टिकोणले अगाडि बढाउने । तर, काठमाण्डुको ठमेल र पोखरामा मात्रै पर्यटक आए त्यसले मुलुकको आर्थिक संकट टार्न सक्छ ? यदी अहिले रेमिटान्स बन्द भयो भने यो देशको हालत कस्तो हुन्छ ?

अहिले विश्वभरका दातृ निकायहरुसंग ऋण लिएर चुक्ता नगरेका कारण दातृ निकायहरु पनि विस्तारै विस्तारै हात पछाडि पार्न थालेका छन् । आफ्नो आम्दानी छैन्, दातृ निकायहरुले ऋण दिन बन्द गरेका छन्, अनुदानको बलमा कति दिनसम्म मुलुकलाई चलाइ रहने ? सरकारले अहिले पनि सचेत नभए कहिले सचेत हुने भन्ने सोच नआउनु त्यसलाई दुःखद र निन्दनीय मात्रै भन्न सकिन्छ ।

भन्नको लागि भनिन्छ मुलुकलाई पर्यटकीय दृष्टिकोणले अगाडि बढाउने । तर, काठमाण्डुको ठमेल र पोखरामा मात्रै पर्यटक आए त्यसले मुलुकको आर्थिक संकट टार्न सक्छ ? यदी अहिले रेमिटान्स बन्द भयो भने यो देशको हालत कस्तो हुन्छ ? यता नत स्थानीय सरकारहरुले नै ध्यान दिन सकेका छन् नत प्रदेश र संघमा त खुट्टा तानातान छदैछ । स्थानीय र प्रदेश सरकारले ढलान सडक बनाउ कार्यकर्ता पलाउ नीति अपनाएका छन् भने संघ सरकार नेपालीहरुलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउनमा लागेका छन् । युवा पुस्ताहरुको सदनमा प्रवेशपछि जनतामा केही आशा पलाएको थियो तर उसको त नागरिकतामाथि नै प्रश्न तेर्साइयो बुढोहरुको जालझेलबाट उ पनि अछुतो रहन सकेन् । बास्तवमा भन्ने हो भने कि त कुर्सीमै कुनै न कुनै चमत्कार छन् । जो मान्छे यहाँबाट चुनाव जितेर जान्छन् बास्तवमा उसलाई त जनताको दुःख र पीडाको बारेमा थाहा हुन्छन् उनीहरु कसरी जनताको समस्या बिर्सेर विलासिता जीवन विताउन थाल्छन् । सडक संघर्षमा हुँदा जनता र देशको पक्षमा ठूल ठूला कुरा गर्नेहरु कसरी एक्कासी विभिन्न ठूल ठूला काण्डहरु गर्न थाल्छन् त्यो सोचनीय कुरा हो । कालापानी, लिम्पियाधुरा र लिपुलेक भारतबाट फिर्ता ल्याउन जसरी राष्ट्रिय सहमति गरियो के महाकाली नदीमा एउटा ठूलो ड्याम बनाउनका लागि राष्ट्रिय सहमति गर्न सकिदैन् ? कर्णाली, सुनकोसीलगायतका दर्जनौ नदीहरु छन् जसमा ठूल ठूला ड्याम बनाएर वर्ष भरि करोडौ करोडका बिजुली मात्रै उत्पादन गर्न सकिन्छ । पछि कलकारखानालाई बिजुली सवसिडिमा दिएर विदेशबाट समेत यहाँ बोलाउन सकिन्थ्यो जसले यहाँ रोजगारीको अवस्था सिर्जना हुन्थ्यो । एउटा विजुली उत्पादनले सरकारले यहाँका बेरोजगारी समस्या समाधान गर्नुका साथै आम जनतामा छाएको निराशालाई खुशीमा बद्लन सक्थे । तर, सोच र आत्मशक्ति नै देखिएन् ।

स्थानीय सरकार, प्रदेश सरकारलाई मात्रै बजेट चाहिएको छ । कारण सडक ढलान गर्नु छ । सडक ढलानले मुलुक समृद्ध हुन्छ त स्थानीय र प्रदेश सरकारहरु ? सडक ढलानको बजेट पाँचदेखि १० लाख सम्म हुन्छ त्यो उपभोक्ता समिति गठन गरिन्छ त्यसमा सम्बन्धित सरकारहरुको कार्यकर्ता भरणपोषण मात्रै हुन्छ । एक पटकको लागि भए पनि विकासे बजेटलाई रोकेर बिजुली उत्पादनमा ध्यान केन्द्रित गर्दा मुलुकको कायापलट हुने मात्रै सम्भावना देखिन्छ । सरकारले एक पटकको लागि सोच्नै पर्ने स्थिति छ । सरकारले बजेट नल्याउदा वर्तमान विकराल अवस्था भन्दा बढी भयावह अवस्था आउनसक्ने स्थिति छ । एक बर्षको बजेट र वैदेशिक निकाय र विदेशमा रहेका नेपालीहरुलाई आह्वान गरेर सरकारले आफ्नो स्वामित्वमा एउटा ड्याम बनाओस जसले बर्ष भरि बिजुली उत्पादन गर्न सकिन्छ । अहिले नदीहरुमा रहेको जलविद्युत आयोजनाहरु नदीको पानीको बहावमा बिजुली उत्पादन गर्नेगर्छन् । गर्मीयामको समयमा पानीको बहाब बढेपछि बिजुली उत्पादनमा वृद्धि हुन्छ, बाढीको महिनामा विद्युत गृह बाढीले भत्काउछ र जाडो याममा नदीहरुमा पानीको बहाब घटेपछि बजुली उत्पादन नै बन्द हुन्छ तर, वर्षाको महिनामा आउने बाढीलाई एक पटक थन्काएर राखियो भने त्यसले नै वर्ष भरि बिजुली उत्पादन गर्न सकिन्छ। अहिले सरकारले बढाएको करको मारमा जनता छन्,जनता जहाँ करको भारमा दविएका छन् त्यहाँ समृद्धि आउने आशा गर्नु बेकार हुन्छन् । सरकारले एक पटक यता पनि ध्यान दिनुपर्ने देखिन्छ।

# हुलाकी सडक निर्माण कार्य रोक्न खोज्दा हातपात

**मनोज माझी**

राजविराज । अदालतको आदेश अवज्ञा गर्दै भइरहेको हुलाकी सडक निर्माण कार्य रोक्न खोज्दा परिवारका महिला सदस्यसहित आफूहरुमाथि हातपात तथा दुर्व्यवहार भएको पीडित पक्षले गुनासो गरेका छन् ।



हुलाकी राजमार्ग अन्तर्गत सप्तरीको कल्याणपुर-बर्साइन-स्वर्णपट्टी सडक खण्डको देउरी, सिमराह र स्वर्णपट्टीसहितको स्थानमा नक्साङ्कन मुआब्जा वितरण गरिएको भन्दा फरक जग्गामा सडक निर्माण कार्य अदालतको आदेश विपरीत भइरहेको स्थानीय एक पक्षको गुनासो छ ।

अदालतको आदेश विपरीत निर्माण कार्य भइरहेको र रोक्न खोज्दा ८० वर्षीया आमा सजनीदेवी,२० वर्षीया छोरी ज्योती साह, छिमेकी पुनिता साह, ललिता साह र आफूमाथि समेत बोदेबर्साइन नगरपालिकाका नगर प्रहरीहरुकै उपस्थितिमा ठेकेदार कम्पनीका कर्मचारीले हातपात गरेको स्थानीयवासी नरेन्द्र नारायण साहुले शनिबार विवादित स्थलमा निरीक्षणका क्रममा पुगेका संचारकर्मीहरुलाई जानकारी दिए ।

उनले विवादित स्थलमा हाल उच्च अदालत जनकपुर-राजविराज इजलास र सर्वोच्च अदालतसमेतले तत्काल काम नगर्नु आदेश जारी गरे पनि बलजफ्ती काम भइरहेको प्रहरी प्रशासन मुकदर्शक बनेको गुनासो पोखे ।

आदेश कार्यान्वयन गर्ने निकाय र पदाधिकारी उदासीन भइदिदा कार्यान्वयन कार्यको बोझ मात्र बढ्दै गएको कानुन व्यवसायी विजय झाको कथन छ ।

स्थानीयवासीका अनुसार उक्त सडक खण्डको कित्ता नं.५९४ बाट कित्ता काट गरी कायम भएको ८९५ नम्बर कित्ताको साढे ६ धुर जग्गाको मुआब्जा दिइ सकिएको छ ।

उक्त कित्तामा बाँकी १ कठ्ठा १ धुर जग्गा मिच्ने हिसाबले स्वर्ण पुलदेखि दक्षिण करीब ५० मिटर लम्बाइ सडक टेढो पारी निर्माण कार्य भइरहेको छ ।

सडकको बीच भागबाट दुबै पट्टी बराबर गरी जग्गा अधिग्रहण गर्नुपर्नेमा सो नगरी स्थानीय जनप्रतिनिधि र निर्माण कम्पनीको मिलेमतोमा सडकलाई टेढो बनाएर काम भइरहेको स्थानीयवासी योगेन्द्र यादवले बताए ।

साविकको नक्सामासमेत यस स्थानमा हुलाकी सडक सिधा रहेको नापी कार्यालयबाट प्राप्त प्रमाणित नक्शा देखाउँदै उनले भने-"अहिले कसरी टेढो भयो, बुझ्नै सकिएन ।"

यस्तै सोही सडक खण्डको देउरी नजिक योगेन्द्र यादव र राम प्रसाद यादवको नाममा रहेको कित्ता नं.३०९ र ३१० को कुल जग्गा मध्ये २२ धुर जग्गाको मुआब्जा पाएको भन्दा फरक जग्गामा सडक निर्माण कार्य भइरहेको स्थानीयले जानकारी दिए ।

उक्त स्थानमा डिपीआर, नक्साङकन र मुआब्जा वितरण गरिएको जग्गा भन्दा फरक जग्गामा सडक निर्माण भइरहेको भन्दै स्थानीयले २०७५ मंसिर २५ गते उच्च अदालत जनकपुर-राजविराज इजलासमा दिएको निषेधाज्ञा परमादेश मुद्दामा सुनुवाइ गर्दै अदालतबाट तत्काल काम नगर्न निर्माण कम्पनीको नाममा परमादेश जारी भएको थियो । तर, सो आदेश विपरीत निर्माण कार्य जारी रहँदा स्थानीयवासिन्दाको तर्फबाट बोदेबर्साइन नगरपालिका -९ का नरेन्द्र नारायण साहुले निर्माण कम्पनी दिवा निर्माण सेवा प्रालि, हुलाकी सडक आयोजना कार्यालय र बोदे बसाईन नगरपालिका कार्यालयलाई विपक्षी बनाइ सर्वोच्च अदालत पुगेका थिए ।

सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले २०७९ साल फागुन १६ गते चलानी नम्बर ३३२ को पत्र विपक्षीहरुलाई पठाई उच्च अदालत जनकपुर-राजविराज इजलासबाट भएको आदेश कार्यान्वयन गरी गराइ सोको जानकारी अविलम्ब यस निर्देशनालयलाई पठाउनु भनी आदेश भएको थियो ।

सो आदेशको पनि पालना नभइ अहिले निर्माण कम्पनीद्वारा सडक निर्माण कार्य जारी रहेको स्थानीयवासी राम प्रसाद यादवले गुनासो पोखे ।

सार्वजनिक सरोकारको विवादमा अदालतबाट आदेश जारी भए पनि आदेश कार्यान्वयन भए नभएको तथा आदेश कार्यान्वयन गर्ने निकाय मौन हुँदा अवज्ञा गर्नेहरुको मनोवल बढ्दै गएको स्थानीय सत्यनारायण साहको भनाइ छ ।

दिवा निर्माण सेवा प्रालि काठमाण्डुले १७ दशमलव २८ किलो मिटर लामो बजार क्षेत्रमा ११ र बजार बाहिर ७ मिटर चौडाइ कालोपत्रे गर्ने उक्त सडक निर्माण कार्यको मूल्य अभिवृद्धि कर बाहेक ५८ करोड ३ लाख ९७ हजारमा ठेक्का पाएको छ ।

# सिके राउत भ्रमणमा

**टुडे समाचारदाता**

काठमाण्डु । जनमत पार्टीका अध्यक्ष डा. सिके राउत भारत भ्रमणका क्रममा दिल्ली पुगेका छन् ।

उनी राजनीतिक भेटवार्ताको लागि भारत गएको बताइएको छ । दिल्लीमा उनले भारतीय जनता पार्टी (भाजपा) का विदेश विभाग प्रमुख विजय चौथाइवालेसँग भेटवार्ता गरेका छन् ।



उनी एक हप्तासम्म भारत भ्रमणमै रहने राउतको सचिवालयले जनाएको छ । अरु भारतीय नेताहरुसँग पनि भेटवार्ता गर्ने राउतको कार्यक्रम छ ।

मधेश प्रदेश सरकारमा जनमत पार्टीबाट मन्त्री बनेका बसन्त कुशवाहा र राज्यमन्त्री सञ्जय यादवलाई जिम्मेवारीविहीन बनाएपछि उनको भारत भ्रमणलाई अन्य दलका नेताहरुले अर्थपूर्ण रुपमा हेरिरहेका छन् ।

डा.राउत प्रतिनिधिसभामा निर्वाचित भएपछि पहिलो पटक विदेश भ्रमणको लागि भारत गएका छन् ।

उनलाई निर्वाचनमा भारतीय दूतावासले अनौपचारिक रुपमा सहयोग गरेको आरोप लाग्ने गरेको छ ।

# अवैध रक्सी बरामद

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले जिल्लाको छुट्टा-छुट्टै स्थानबाट एक लाख ३५ हजार मूल्य बराबरको अवैध सामान बरामद गरेको छ ।

शनिबार जिल्लाको मटिहानी नगरपालिका-१ मा भारतबाट नेपालतर्फ अवैध रुपमा ल्याउँदै गरेको १५ हजार मूल्य बराबरको कपडासहितका सामानहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार प्रहरी टोलीलाई देख्ने वितिक्कै भरिया टोली भागेको थियो । बरामद गरिएको सामानहरु आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइनेछ ।

त्यसैगरी, जिल्लाको मनरासिस्वा नगरपालिका-९ दशगजा क्षेत्रबाट प्रहरीले नेपालबाट भन्सार चोरी गरी भारततर्फ लैजादै गरेको अवस्थामा एक लाख १९ हजार सात सय मूल्य बराबरको रक्सी प्रहरीले बरामद गरेको छ ।

- मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८